का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० पुस २०८२
आइतबार
4 January 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३२५ । पृष्ठ ८
www.madhyanhadaily.com

## बहुमतको पेलानमा गगन–विश्व

केन्द्रीय कार्यसम्पादन समितिले बहुमतको आधारमा १५औं महाधिवेशन वैशाखको २७ देखि ३१ मा गर्ने निर्णय गरेपछि विशेष महाधिवेशन पक्षधर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा बिलखबन्दमा परेका छन् । यसबारे उनीहरु कानुनी परामर्श लिँदैछन् ।



"मेरो एजेन्डा निर्वाचनअघि महाधिवेशन गरेरै जानुपर्छ भन्ने थियो, तर बहुमतले गरेको निर्णयलाई मान्दिन भन्न मिलेन । पार्टीलाई एकढिक्का राख्न म विशेष महाधिवेशनको कित्तामा उभिन सकिनँ ।"

● **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ पुस

विशेष महाधिवेशन गर्ने तयारीमा जुटेका नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पार्टीभित्र एक्लिँदै गएका छन् ।

संस्थापन पक्षले १५औं महाधिवेशन वैशाखमा गर्ने गरी नयाँ कार्यतालिका ल्याएको छ । निर्वाचनअघि कुनै हालतमा महाधिवेशन गरेर नयाँ नीतिसहित नयाँ नेतृत्व लिएर जनतामाझ जानुपर्ने अडानमा रहेका इतर समूहका डा. शेखर कोइरालासहितका नेताहरूले समेत पार्टीको निर्णयलाई स्वीकार गरेका छन् । योसँगै पार्टीभित्र गगन-विश्वले बोकेको विशेष महाधिवेशनको एजेन्डा फितलो बनेको छ ।

शुक्रबार केन्द्रीय कार्यसम्पादन समितिले बहुमतको आधारमा १५औं महाधिवेशन वैशाखको २७ देखि ३१ मा गर्ने निर्णय गरेपछि कांग्रेसभित्रको विवाद थप उत्कर्षमा पुगेको छ । सभापति शेरबहादुर देउवाकै पृष्ठ २ मा






## अमेरिकी निशानामा भेनेजुएला



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस

अमेरिकाले भेनेजुएलामाथि सैन्य आक्रमण गरी त्यहाँका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई अपहरण गरेको छ । राष्ट्रपति डोनल्ड ट्रम्पको निर्देशनमा भेनेजुएलाका राष्ट्रपति मादुरो र प्रथम महिला फ्लोरेसलाई पक्राउ गरिएको हो ।

राष्ट्रपति निकोलस मादुरो दम्पतीलाई अमेरिकी सेनाको डेल्टा फोर्सले उनलाई पक्राउ गरेको थियो । डेल्टा फोर्स अमेरिकाको शीर्ष प्रतिआतंकवाद सैन्य एकाइ हो । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले पृष्ठ २ मा

## रास्वपामा असन्तुष्टि

# कुलमान पक्षले खोज्यो वैचारिक स्पष्टता

खासगरी रवि लामिछानेसँग कुलमान घिसिङले संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षतासहित वैचारिक धारमा लिखित स्पष्टता खोजेका छन् । ताकि भविष्यमा वैचारिक बेमेल आउन नपाओस् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ पुस

शुक्रबार राति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र उपसभापति कुलमान घिसिङबीच लामो छलफल भयो । कारण- नवगठित रास्वपाभित्रको असन्तुष्टि । यही पुस १४ गते घिसिङ समर्थित दल उज्यालो नेपाल पार्टी र रास्वपाबीच ७ बुँदे सहमति भएको थियो । जसअनुसार उनीहरूले रास्वपाबाटै प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिकतर्फको बन्दसूची बुझाएका छन् । तर रास्वपाको वैचारिक स्पष्टता नरहेको भनेर उज्यालो नेपाल पार्टीभित्र रास्वपामा विलय भएको विषयलाई लिएर चर्को आलोचना भएको छ । त्यसबारे तत्काल स्पष्ट गरेर अगाडि जाने सन्दर्भमा नेताहरूबीच आशंका भएपछि शुक्रबार नै उज्यालो नेपाल पार्टीका अनुपकुमार उपाध्याय छुट्टै समानुपातिक सूची लिएर निर्वाचन आयोग पुगे । आयोगले समय घर्किएको भनेर उक्त सूची लिन मानेन ।

२१ फागुनमा हुने निर्वाचनका लागि समानुपातिक तर्फको बन्दसूची बुझाउने समय पुस १३ र १४ गते थियो । त्यो भन्दा ढिलो गरी आयोग पुगको सूची नलिने आयोगको अडान रह्यो । त्यसपछि कुलमानले रास्वपा सभापति लामिछानेसँग संवाद गरेका हुन् । छलफलमा कतिपय विषयमा स्पष्ट हुन बाँकी रहेकोमा नेताहरू सहमत भए । उनीहरूले असन्तुष्टि समाधान गर्नका लागि तीन वटै पक्षबाट तीन/तीन जना रहने गरी समिति बनाउने समझदारी पनि गरेका छन् । तत्कालीन रास्वपा, उज्यालो नेपाल पार्टी र बालेन पक्षबाट तीन/तीन जनाको समिति बनाएर अन्य विषयमा समेत छलफल गर्ने समझदारी भएको हो ।

तथापि, पार्टीभित्रको असन्तुष्टिमा रास्वपाको विकल्प नै खोज्ने अवस्थामा उज्यालो नेपाल पुग्न खोजेपछि पृष्ठ २ मा

### ५ उम्मेदवारले लिए नाम फिर्ता

पार्टीभित्र असन्तुष्टि बढिरहेका बेला रास्वपाबाट समानुपातिक बन्दसूचीमा रहेका ११० जनामध्ये पाँच जना उम्मेदवारले नाम फिर्ता लिएका छन् । प्रतिनिधि सभा निर्वाचन अन्तर्गत यही पुस १३ र १४ गते समानुपातिक बन्दसूची बुझाउने समय थियो । त्यही दुई दिनमा रास्वपाले बालेन शाह र कुलमान घिसिङसँग सम्झौता गरेर समानुपातिक बन्दसूची बुझाएको छ ।

तर समानुपातिक बन्दसूचीमा रहेका व्यक्तिहरूले एकपछि अर्को गरी नाम फिर्ता लिइरहेका छन् । शनिबारसम्म रास्वपाको समानुपातिक सूचीबाट नाम फिर्ता लिनेमा डा. महेन्द्र लावती, त्रिशाला गुरुङ, सचिन ढकाल, आशिफ शाह र टासी ल्हाक्पा शेर्पा रहेका छन् ।

समानुपातिक सूचीमा रहेको नामको कलस्टर नमिलको अवस्थामा मिलाउनु स्वभाविक हो । तर नाम आयोग पुगिसकेपछि फिर्ता लिने प्रवृत्तिले रास्वपाभित्रको अवस्था उजागर गरिदिएको छ ।

## साढे ४ हजार कैदी जेल बाहिरै

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १९ पुस

सुनधारास्थित काठमाडौं केन्द्रीय कारागारका एक हजार दुई सय कैदी जेल बाहिर छन् । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा जेलबाट भागेका ती कैदीहरू अझै प्रहरीको सम्पर्कमा आएका छैनन् । केन्द्रीय कारागारका अनुसार अझै १ हजार दुई सय कैदी फरार छन् ।

कारागारमा जम्मा ३ हजार ८ सय जना कैदी थिए । आन्दोलनको मौका छोपेर कारागार तोडफोड गरेर ३ हजार ५ सय १६ जना कैदी भागेको केन्द्रीय कारागारका सूचना अधिकारी बैकुण्ठ रेग्मी बताउँछन् ।

> फरार कैदीबन्दी र जेनजी आन्दोलनका क्रममा प्रहरीबाट लुटिएका र फिर्ता नभएका हतियारलाई २१ फागुनको निर्वाचनमा एक प्रमुख सुरक्षा चुनौतीको रुपमा हेरिएको छ ।

कर्तव्य ज्यान, हत्या, जबरजस्तीकरणी, चोरी, डकैतीलगायतका विभिन्न अपराध गरेर जेल चलान भएका कैदीहरू भागेका हुन् । 'त्यसमध्ये भागेका केही कैदीहरू आफैं सम्पर्कमा आएका छन्, '१२ सय वढी कैदी त फरार नै छन्,' उनले भने, 'प्रहरीले खोजिरहेको छ ।' बाँकी सम्पर्कमा नआएका कैदीहरूको विवरण कारागार व्यवस्थापन विभागमा पठाइएको उनले बताए ।

केन्द्रीय कारागारमा सञ्चालनमा रहेका तीन वटा कैदी विद्यालयबाट पनि कैदी विद्यार्थी फरार छन् । केन्द्रीय कारागारभित्र स्थापना भएको स्कुल जगन्नाथ माध्यमिक विद्यालय, बन्दी विकास आधारभूत विद्यालय र महिला बन्दी विकास आधारभूत विद्यालयमा गरेर करिब ८ सय कैदी विद्यार्थीले कक्षा १ देखि १२ सम्म अध्ययन गरिरहेका छन् ।

जगन्नाथ माध्यमिक विद्यालयमा ३ सय ४० जना कैदी विद्यार्थी अहिलेसम्म फरार रहेको केन्द्रीय कारागारले जनाएको छ । त्यस्तै बन्दी विकास आधारभूत विद्यालयमा ९० जना विद्यार्थी फरार छन् । त्यस्तै महिला बन्दी विकास आधारभूत विद्यालयमा ५० कैदी विद्यार्थीहरू फरार रहेको कारागारका सूचना अधिकारी रेग्मीले पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कोरिया र युरोप रोजगारीका नाममा ठगी बढेको भन्दै विभागद्वारा सचेत रहन आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस

वैदेशिक रोजगार विभागले दक्षिण कोरियाको ई-७ भिसादेखि युरोपेली मुलुकको रोजगारीका नाममा ठग्ने क्रम उल्लेखनीय रूपमा बढेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका प्रवक्ता उपमहानिर्देशक चन्द्रबहादर शिवाकोटीले शुक्रबार एक विज्ञप्ति जारी गर्दै पछिल्लो समय फेसबुक, टिकटक, भाइबर, युट्युब तथा ह्वाट्सएपलगायतका सामाजिक सञ्जालबाट युरोपका आकर्षक मुलुक, तलब र कामसहितका प्रलोभन देखाई वैदेशिक रोजगारीका विज्ञापन गर्ने, पैसा उठाउने तथा पासपोर्ट संकलन गरेर झुलाउने गरेको पाइएको बताएका छन् ।

विभागले ई-७ भिसामा कोरिया पठाइदिन्छु भन्दै गैरकानुनी गतिविधिमा विभिन्न कन्सलटेन्सी, संस्था एवं व्यक्तिहरू पृष्ठ २ मा

### रुस–युक्रेन युद्धमा संलग्न बैतडीका भाटको मृत्यु

**बैतडी/रासस–** रुसी सेनामा भर्ती भएर रुस-युक्रेन युद्धमा संलग्न बैतडीको मेलौली नगरपालिका-७ काँडाका ३३ वर्षीय मनोजसिंह भाटको मृत्यु भएको छ ।

करिब दुई वर्षअगाडि रुसी सेनामा भर्ती भएका भाट केही समयदेखि सम्पर्कविहीन भएकोमा 'डिएनए' परीक्षणबाट भाटको मृत्यु भएको जानकारी आएको मेलौली नगरपालिका-७ का वडाअध्यक्ष रामचन्द्र भट्टले बताए । पृष्ठ २ मा

**KUWAIT मा रोजगार** Sahm Auto Company For Consumer Delivery

पूर्व स्वीकृती मिति: २०८२/९/१८ चलानी नं.६०२५००९८ LT No.: 336496

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Car Driver | 20 | 0 | काममा दक्ष | 140 | ६५,५७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Office Secretary | 5 | 0 | काममा दक्ष | 140 | ६५,५७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ पौष २७ गते (11 Jan., 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

FOREVER HUMAN RESOURCE SOLUTION PVT. LTD. Govt. Lic: 1411/074/75
Tokha Road-10, Samakhushi, Ktm., Tel : 01 - 4953298, 4954685
9851405355, 9765230164, 9851140861, 9840891761, 9843315769, 9866668811, 9810055195

**इन्फ्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।**

इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:
- नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**बहुमतको...**

निर्देशनमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले वैशाखमा महाधिवेशन गर्ने निर्णय गराएका थिए ।

तर यो निर्णयप्रति महामन्त्रीद्वयसहित पाँच जना नेताहरूले फरक मत राखेका छन् । बहुमतको निर्णय अस्वीकार गर्दै महामन्त्री थापाले केही दिनमा विशेष महाधिवेशन आह्वान गर्ने अडान छाडेका छैनन् । विशेष महाधिवेशनको दस्तावेज लेखनमा समेत नेताहरू जुटिसकेको बताइएको छ ।

विधानमा भएको व्यवस्थाको कार्यान्वायन गर्दै विशेष महाधिवेशन पक्षधर नेताहरू कानुनी परामर्शमा जुटेका छन् । शनिबार महामन्त्रीद्वय गगन-विश्वप्रकाशले डेमोक्र्याटिक लयर्स एसोसिएसन (डिएलए)का पदाधिकारीसहित कानुन व्यवसायीहरूसँग पछिल्लो पटक परामर्श लिए । कांग्रेसको विधानको धारा १७ (२) मा 'केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ' भन्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार विशेष महाधिवेशनलाई औचित्यहिन बनाउन कसैले नसक्ने भन्दै अघि बढ्न सुझाव दिएको डिएलएका अध्यक्ष वरिष्ठ अधिवक्त सीताराम केसीले जानकारी दिए ।

तर संस्थापन इतर समूहका नेता डा. कोइरालाले शनिबार बिहान आफ्नो पक्षका पदाधिकारी, केन्द्रीय सदस्य, जिल्ला सभापतिसहित काठमाडौंमा उपलब्ध नेताहरूसँग परामर्श गरेर विशेष महाधिवेशनमा सहभागी नहुने स्पष्ट सन्देश दिएका छन् । उक्त छलफलमा नेता कोइरालाले निर्वाचनअघि नै नियमित महाधिवेशनको अडान राखेपनि पार्टीका पदाधिकारीसहित जिम्मेवार नेताहरूकै कारण नियमित महाधिवेशन हुन नसक्ने अवस्था बनेको टिप्पणी गरे ।

'मेरो एजेन्डा निर्वाचनअघि महाधिवेशन गरेरै जानुपर्छ भन्ने थियो', उनले भने, 'तर बहुमतले गरेको निर्णयलाई मान्दिन भन्न मिलेन । विशेष महाधिवेशनको माग गर्ने साथीहरूको भावनालाई सम्मान गर्दै पार्टीलाई एकढिक्का राख्न म त्यो कित्तामा उभिन सकिनँ ।'

आगामी निर्वाचनमा एक भएर जानेबेलामा पार्टीलाई विभाजनको बाटोतिर जानबाट रोक्नुपर्ने भन्दै उनले विभिन्न तहका नेताहरूसँगको संवादलाई बाक्लो बनाएका छन् । केन्द्रीय समितिको निर्णयविपरीत विशेष महाधिवेशनमा गए पार्टीमा विग्रह आउने उनको दाबी छ ।

गत १४औं महाधिवेशनमा कोइरालाकै नेतृत्वमा टिम बनाएर महामन्त्री जितेका महामन्त्री थापाले कोइरालाको साथ पाइने आशा गरेका थिए । तर पछिल्लो पटक उनले कोइरालासँगको दूरी टाढा बनाउँदै गएका छन् । आफ्नै समूहका नेता कोइरालासँग बिना परामर्श विशेष महाधिवेशनको एजेन्डा उठाएर अघि बढेका थापाले १५औं महाधिवेशनमा सभापति लड्ने घोषणा गरिसकेका छन् ।

संस्थापन इतर टिमबाट नेता कोइरालाले नै सभापतिको निर्विकल्प उम्मेदवार बनाउने तयारी गरेको छ । योसँगै कोइराला र थापाबीच सहकार्य भन्दा पनि प्रतिस्पर्धा हुने सम्भावना बढेको छ । तर कतिपय नेताहरूले शेखर-गगनलाई सँगै राख्ने उपायहरू खोजी गर्दै १५औं महाधिवेशनमा एकैठाउँ उभिनुपर्ने बताएका छन् ।

सहमहामन्त्री बद्री पाण्डे शेखर-गगन एकैठाउँ रहेमात्रै पार्टीमा रूपान्तरणको धारमा जाने बताए । उनले मध्यान्हसँग भने, '१४औं महाधिवेशनका नेता शेखर कोइराला र महामन्त्री गगन थापा १५औं मा एकैठाउँ हुनुपर्छ भनेर हामीले आवश्यक सुझाव दिएका छौं । पार्टीलाई रूपान्तरित र गतिशील बनाउन उहाँहरू एक भएर पार्टी र देश हाँक्नुपर्छ भन्ने आम कार्यकर्ताको भावना छ ।'

तर अहिले टिम को-को बनाउने भन्दा पनि पार्टीलाई विधानसम्मत लैजानुपर्ने विशेष महाधिवेशन पक्षधर नेताहरूले बताएका छन् । पार्टीको १४औं महाधिवेशनमा भोट हालेका ४७ सय ४३ जनामध्ये ५४ प्रतिशतले हस्ताक्षर गरेर विशेष महाधिवेशन बोलाएका छन् । असोज २९ गते नै कार्यवाहक सभापति पूर्णबहादुर खड्कामार्फत १ सय १ नम्बरमा दर्ता गराएको हस्ताक्षरसहितको निवेदनअनुसार यही पुसको २८ भित्र विशेष महाधिवेशन गर्नुपर्ने वैधानिक व्यवस्था छ । तर संस्थापन इतर समूहका नेताहरूले गत मंसिर १५ गतेको केन्द्रीय समिति बैठकबाट नियमित महाधिवेशमा जाने तालिकासहितको निर्णय गरिसकेकाले विशेष महाधिवेशनको औचित्य समाप्त भएको दाबी गरेका छन् । प्रचार विभाग प्रमख मीन विश्वकर्माले मंसिर १५ गतेको निर्णय अनुसार अहिले पार्टीका विभिन्न संरचना नियमित महाधिवेशनकै प्रक्रियाअन्तर्गत क्रियाशील सदस्यात नवीकरण तथा वितरणको काम भइरहेको जिकिर गरे ।

केन्द्रीय समितिको निर्णयअनुसार पुस २६-२९ मा नियमित महाधिवेशन नहुने भएपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सोही मितिमा विशेष महाधिवेशन बोलाउने अन्तिम तयारीमा छन् । यद्यपि नेता शेखरको असहयोगमा हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिहरूको कोरम पुर्‍याउने विषय चुनौतीपूर्ण बन्दै गएको छ । कोइरालाले आइतबार पनि काठमाडौंमा उपलब्ध आफ्ना समूहका नेताहरू र महाधिवेशन प्रतिनिधिहरूसँग छलफल गर्ने कार्यक्रम रहेको उनको सचिवालयले जनाएको छ । १४औं महाधिवेशनमा सभापति लडेर ४१ प्रतिशत मत ल्याएका नेता कोइरालाले संस्थापन पक्षले गरेको निर्णयलाई समर्थन गर्ने भएपछि विशेष महाधिवेशन पक्षधर नेताहरू अन्योलमा परेका छन् । तीमध्ये धेरैजसो नेताहरू पार्टीको आधिकारिक निर्णयविपरीत महामन्त्रीले बोलाएको भेलामा नजाने बताएका छन् । शेखर-गगन समूहबाट सहमहामन्त्री बनेका जीवन परियारले महामन्त्रीसमेत बसेर गरिएको पार्टीको आधिकारिक निर्णयका विरुद्धमा जान नसकिने बताए ।

जसरी पनि विशेष महाधिवेशन गर्ने महामन्त्रीहरूको अडान पार्टीको निर्णय नभई व्यक्तिगत मत भएको उनको दाबी छ । पार्टीभित्र विशेष महाधिवेशनको सन्दर्भमा बहस, विचार, विमर्श भएकाले पार्टीको अन्तिम निर्णयलाई आत्मसात गरेर जानुपर्ने नेता परियारले बताए । ' अब विशेष महाधिवेशन जसरी पनि गर्ने भन्ने सन्दर्भमा यो उहाँ (महामन्त्री) को कुरा भयो । सबैको विचार एउटै हुनुपर्छ भन्ने छैन । त्यसैले यसलाई कसरी लिएर जाने, यसको औचित्य के हो ? यसको निष्कर्ष के हो ? यो कहाँ पुग्छ, भन्ने कुरामा मतमतान्तर हुनसक्छ । मैले जे भनेको छु, त्यही नै सही हो भन्ने त हुँदैन, पार्टीभित्र छलफल हुनुपर्छ ।' विशेष महाधिवेशनको अडानका सन्दर्भमा उनले पार्टी कुनै व्यक्तिगत कम्पनी नभएको टिप्पणी गरे ।

मंसिर १५ मा केन्द्रीय समितिले आवधिक महाधिवेशनको कार्यतालिका ल्याएपनि महाधिवेशनपूर्व सम्पन्न गर्नुपर्ने प्रक्रिया पूरा नभएको कांग्रेसले जनाएको छ । पार्टीका प्रवक्ता डा प्रकाशशरण महतले नियमित महाधिवेशन गर्ने निर्णय भएपनि समयको पदचापका कारण कार्यतालिकाअनुसार काम सम्पन्न नभएको बताए ।

**कुलमान...**

नेताहरू गम्भीर भएका छन् । खासगरी रवि लामिछानेसँग कुलमान घिसिङले संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षतासहित वैचारिक धारमा लिखित स्पष्टता खोजेका छन् । ताकि भविष्यमा वैचारिक बेमेल आउन नपाओस् ।

वैकल्पिक शक्ति एक हुनुपर्छ भन्ने भावनाका आधारमा पार्टी एकता भएपनि एजेन्डागत एकता हुन बाँकी रहेको नेताहरू नै स्वीकार गर्छन् । यस्तो अवस्थामा संघीयता, धर्मनिरपेक्षता, पहिचान र गणतन्त्रबारे स्पष्टता खोजिनु स्वभाविक रहेको दाबी गर्छन् । कुलमान पक्षधर नेताहरू पार्टीको कार्यकारी अधिकार प्रयोग गर्ने सभापतिदेखि केन्द्रीय समितिका पदसम्म बार्गेनिङ नगरी एकता गर्नुको कारण 'पदले केही हुन्न जनतामा परिवर्तन महसुस हुनुपर्‍यो' भन्ने रहेको बताउँछन् । तर नवगठित रास्वपाले संघीयता, धर्मनिरपेक्षता, पहिचान र गणतन्त्रलाई स्वीकार गर्नुपर्नेमा उनीहरू स्पष्ट छन् ।

यी विषयमा छलफल गर्न दुवै पक्षका नेताहरू शनिबार पनि बसे । रास्वपाको केन्द्रीय कार्यालय बालाजुमा भएको छलफलमा उज्यालो नेपाल पार्टीका तर्फबाट प्रा.डा. महेन्द्र लावती, पार्टीका प्रवक्ता राजु थापा, केन्द्रीय सदस्यद्वय जितराम लामा र रामेश्वर श्रेष्ठ थिए । रास्वपाबाट शिशिर खनालसहितका नेताहरू सहभागी थिए ।

वैचारिक स्पष्टता नभए एकता हुन नदिने असन्तुष्ट पक्षको रणनीति छ । उज्यालोका ५१ जना केन्द्रीय सदस्यमध्ये बहुमत सदस्य रास्वपासँग गरिएको सहमतिको विपक्षमा रहेको नेताहरूको दाबी छ । कुलमान घिसिङ र अध्यक्ष अनुपकुमार उपाध्यायले रास्वपासँग सहमति गरे पनि एकताका लागि केन्द्रीय समितिको निर्णय चाहिन्छ । यसकारण पनि रास्वपा उज्यालो नेपालका असन्तुष्ट पक्षसँग छलफलमा बसेको हो ।

**अमेरिकी...**

स्थानका बारेमा आफ्नो सरकारलाई कुनै जानकारी नभएको बताएकी छन् । सरकारले उनीहरू दुवैको 'तत्काल जीवनको प्रमाण'को माग गरेको उनले बताएकी छन् । तर अमेरिकी महान्यायाधिवक्ताले मदुरोविरुद्ध लागूऔषध र आतंकवादका अभियोग घोषणा गरेका छन् ।

शनिबार बिहान सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मार्फत सन्देश दिँदै ट्रम्पले अमेरिकी सुरक्षा निकायको सहयोगमा गरिएको विशेष कारबाहीका क्रममा मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई पक्राउ गरी देश बाहिर लगिएको उल्लेख गरेका छन् । ट्रम्पले यस अपरेशनलाई 'अत्यन्त सफल' भन्दै यसबारे थप जानकारी दिन फ्लोरिडास्थित आफ्नो निवास उनले पत्रकार सम्मेलन गरेका छन् । उनले यो कारबाही अमेरिकी कानुन कार्यान्वयन गर्ने निकायसँगको समन्वयमा भएको बताइएको छ ।

यसअघि भेनेजुएलाको राजधानी काराकाससहित विभिन्न सहरहरूमा शनिबार बिहानैदेखि भीषण विस्फोट र कम उचाइमा विमानहरू उडेका थिए । ला कार्लोटा सैन्य विमानस्थल लगायतका रणनीतिक क्षेत्रहरूमा हमला भएको र धेरै स्थानमा बिजुली आपूर्ति बन्द भएको बताइएको छ । भेनेजुएला सरकारले यसलाई 'गम्भीर सैन्य आक्रामकता' भन्दै अन्तर्राष्ट्रिय समुदायसमक्ष निन्दा गरेको छ । साथै, राष्ट्रपति मादुरो र प्रथम महिलाको अवस्थाबारे तत्काल 'प्रमाण' दिन समेत अमेरिकालाई माग गरेको छ ।

भेनेजुएलाका रक्षा मन्त्री भ्लादिमिर पाड्रिनोले विदेशी सेनाको उपस्थितिको सशक्त प्रतिरोध गर्ने घोषणा गर्दै नागरिकहरूलाई सडकमा उत्रन आह्वान गरेका छन् । अमेरिकाले लामो समयदेखि मादुरोमाथि लागुऔषध तस्करीको आरोप लगाउँदै उनको पक्राउका लागि ५ करोड डलरको पुरस्कारसमेत घोषणा गरेको थियो । यो घटनाले दक्षिण अमेरिकी क्षेत्रमा ठूलो राजनीतिक उथलपुथल र तनाव पैदा गरेको छ । भेनेजुएलाको राजधानी कराकाससहित विभिन्न भागहरूमा विस्फोटहरू भएका विवरण आएको बताइएको छ । भेनेजुएलाको सरकारले उक्त आक्रमण वासिङ्टनले गरेको बताउँदै 'अमेरिकी आक्रामकतालाई नस्वीकार्ने' बताउँदै राष्ट्रिय संकटकाल घोषणा गरेको छ ।

भेनेजुएला घटनाका विषयमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले अन्तर्राष्ट्रिय कानुनको भद्दा उल्लंघन भएको बताएका टिप्पणी गरेका छन् । संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रमाथि भएको यस प्रकारको नाङ्गो हस्तक्षेपले विश्व स्थापित अन्तर्राष्ट्रिय प्रणालीलाई चुनौती दिएको उनको ठहर छ । नेता भट्टराईले सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै अमेरिकी कदमको सबै सार्वभौम राष्ट्र र विश्व जनसमुदायले कडा शब्दमा विरोध गर्नुपर्नेमा जोड दिएका छन् । भेनेजुएलाको आन्तरिक राजनीतिक मामलामा सैन्य बल प्रयोग गरेर राष्ट्रपतिलाई नै देश बाहिर पुर्‍याउनुले अन्तर्राष्ट्रिय सुरक्षा र मर्यादालाई जोखिममा पारेको भट्टराईको टिप्पणी छ । एजेन्सीको सहयोगमा

**साढे...**

बताए । त्यस्तै ललितपुरस्थित नख्खु कारागारबाट जेनजी आन्दोलनका क्रममा फरार कैदीबन्दीमध्ये ३० प्रतिशत अझै सम्पर्कमा आएका छैनन् । नख्खु कारागारमा भएको घटनापछि विभिन्न मुद्दामा दोषी ठहर भई सजाय भोगिरहेका एक हजार २ सय ८० जना कैदीबन्दी फरार भएका थिए । कारागार प्रशासनका अनुसार हालसम्म तीमध्ये ७० प्रतिशत कैदीबन्दी स्वेच्छाले वा सुरक्षा निकायको समन्वयमा कारागार फर्किसकेका छन् भने बाँकी ३० प्रतिशत अझै फरार अवस्थामा छन् । नख्खु कारागार प्रमुख दीर्घराज उपाध्यायले फरार कैदीबन्दीको खोजीकार्य निरन्तर जारी रहेको बताएका छन् ।

गत भदौ २३ र २४ गते जेनजीले गरेको शान्तिपूर्ण आन्दोलन हिंसात्मक बनेपछि कारागार तोडेर फरार भएका कतिपय आफैं फिर्ता भएर कारागार पुगेका छन् । गृह मन्त्रालयले गत कात्तिक ११ गते फरार कैदीबन्दीलाई कारागार फर्कन 'अल्टिमेटम' दिएको थियो । ठूलो संख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत सुरक्षाकर्मीले फरार कैदीलाई नियन्त्रणमा लिँदै सम्बन्धित कारागारमा बुझाइरहेका छन ।

केन्द्रीय कारागार व्यवस्थापन विभागका अनुसार गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा नेपाल भर १४ हजार ५ सय ५९ जना जेल तोडफोड गरेर भागेका थिए । त्यसमध्ये ९ हजार ९ सय ८६ जना कारागारमा फर्किएका छन् । अझै ४ हजार ५ सय ५२ जना कैदी सम्पर्कमा नआएको विभागका निर्देशक चोमेन्द्र न्यौपानेले बताए ।

'केही कैदीहरू आफैं सम्पर्कमा आएका छन्, केहीलाई भने प्रहरीको सक्रियतामा नियन्त्रणमा लिइएको छ,' उनले भने, 'सम्पर्कमा नआएका बाँकी कैदीहरूलाई तोकिएको सजायमा जेल तोडफोड, आगजानीलगायतका थप मुद्दा चलाइनेछ ।'

गृह मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो ।

कारागार विभागले तोकेको समयसीमा अनुसार गत असोज २० गतेसम्म कारागारमा नफर्कने कैदीबन्दीलाई कारागार ऐन, २०७९ तथा अन्य प्रचलित कानुनअनुसार कारबाही गरिने जानकारी यसअघि सार्वजनिक गरिएको थियो ।

कारागार प्रशासनले फरार कैदीबन्दीको खोजी तथा नियन्त्रणमा सहयोग गर्न कैदीबन्दीका परिवारजन, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, सम्बन्धित सरकारी कार्यालय तथा सरोकार भएका सबै पक्षलाई सहयोगका लागि आग्रह गरेको छ ।

प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथदेवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदीबन्दी भागेका थिए। यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बालसुधार गृहबाट नौ सय ६३ बालबन्दी भागेका थिए ।

**कोरिया...**

संलग्न भएको गुनासो प्राप्त भएका बताएको छ ।

वैदेशिक रोजगार ऐन, २०६४ ले नेपाल सरकारले वैदेशिक रोजगारीमा जानका लागि खुला गरेका मुलुकहरूको हकमा विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था बाहेकले उक्त काम गर्न नपाउने कानुनी व्यवस्था गरेको छ । तर कानुन विपरीत अनधिकृत संस्था वा व्यक्तिमार्फत श्रम स्वीकृति नलिई अर्को मुलुकको विमानस्थल प्रयोग गरी गलत सूचना प्रवाह गर्दै भ्रम सिर्जना गरेर विदेश पठाउने र जाने कार्य गैरकानुनी भएको विभागको भनाइ छ ।

गैरकानुनी आधारमा वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरू विभिन्न जोखिममा पर्न सक्ने, मानव तस्करी, श्रम शोषण र दुर्व्यवहारको खतरा झनै बढ्ने पनि विभागले बताएको छ ।

विभागले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार ऐन, २०६४ ले तोके बमोजिमका ओरियन्टेसन तालिम, बिमा, सामाजिक सुरक्षा र स्वास्थ्य चेकजाँचसमेत अनिवार्य रूपमा गरेर वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएको एकिन गरी नेपालकै विमानस्थल प्रयोग गरेर जानका लागि आह्वान समेत गरेको छ ।

त्यसरी गैरकानुनी रूपमा जाने वा पठाउने तथा सामाजिक सञ्जालहरूमा जथाभावी विज्ञापन गर्ने जो कोहीलाई विभागबाट अनुगमन एवं अनुसन्धान गरी कानुनबमोजिम कारबाही गरिने पनि विभागले बताएको छ ।

कुनै पनि संस्था वा व्यक्तिले सामाजिक सञ्जालबाट अनधिकृत तवरले वैदेशिक रोजगारका लागि गरेका प्रचार र सूचनाको आधिकारिकताका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, विभाग वा अन्तर्गतका सरकारी निकायबाट जाँच गरी अनलाइन श्रम स्वीकृति भएपश्चात मात्र आर्थिक कारोबार गर्नसमेत विभागले अनुरोध गरेको छ ।

**रूस-युक्रेन ...**

भाटको कहिले मृत्यु भएको हो भन्नेबारे यकिन विवरण प्राप्त नभए पनि हालै मृत्यु भएको खबर परिवारलाई दिइएको उनले जानकारी दिए । मृतक भाटको घरमा आमा-बुबा, भाइ र श्रीमती छन् ।

भाटसँगै रुसी सेनामा भर्ना भएका मेलौली नगरपालिका-९ असुरका अर्जुनदत्त भट्टको पनि गत वैशाखमा मृत्यु भएको थियो । सोही समयदेखि भाटको खोजी भइरहेको थियो ।


# Balwa Municipality

## Office of The Municipal Executive

**Balwa, Mahottari**

## Invitation For Bids

**1st Date of publication: 2082-09-20 (Jan. 04, 2026)**

Balwa Municipality Office of the Municipal executive Balwa, Mahottari invites electronic bids from eligible bidders for the Construction of the works given in the table below under National Competitive Bidding (NCB) Procedure.

**Details of Works**

| S. No. | Contract Identification No. | Description of Works | Estimated amount with Vat & contingency | Price of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Balwa.mun/W/ NCB/02/2082-83 | Krishak ko Lagi Sinchai Karyakram | Nrs.19475305.21 | Nrs.3000.00 | Nrs.490000.00 |
| 2 | Balwa.mun/W/ NCB/03/2082-83 | Khanepani Aapurtikalagi Kal Jadan | Single Stage Two Envelope Bidding procedures. | Nrs.5000.00 | Nrs.635000.00 |

Eligible Bidders may obtain further information from Balwa Municipality, Balwa, Mahottari and PPMO web portal: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



# छार्का ताङसोङ गाउँपालिका

ཚྭ་དཀར་སྟེང་ཤོད་གྲོང་སྡེ་སྐྱོང་ཁང་།

# Chharka Tangsong Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

**कागकोट, डोल्पा**

**कर्णाली प्रदेश, नेपाल**

## INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 2082/09/20 (2026-01-04)**

1. The Chharka Tangsong Rural Municipality Kagkot Dolpa invites electronic bids from eligible bidders for the Procurement of following items under National Competitive Bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N | Work description/ Contract Identification No. | Estimated Amount With Vat and P.S | Bid Security Amount Nrs. | Bidding document free Nrs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | Kagkot to Bharbunga Road Construction Project CTSRM/ DOLPA/NCB/WORKS/01/2082/083 | 26,98,255.52 | 70,000 | 3,000 | Using online payment in local government portal by bidding document free otherwise not valid |
| 2 | Gaupalika Bato Tathabandhan Nirman yojana CTSRM/DOLPA/ NCB/WORKS/02/2082/083 | 34,83,504.80 | 90,000 | 3,000 | |
| 3 | Pimri Water Supply Project CTSRM/ DOLPA/NCB/WORKS/03/2082/083 | 1,16,01,431.61 | 3,00,000 | 3,000 | |

2. Bidding document is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/ egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| Information to deposit the cost of bidding documents in Banks | Information for the cash deposit the bid security amount |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong Rural Municipality Kagkot, Dolpa<br>Account No.: 4530100301010002<br>Office Code No.: 80661502001<br>Revenue code:14229 | Name of the Bank: Rastriya Banijya Bank<br>Account Name: Chharka Tangsong rural municipality Kagkot, Dolpa<br>Account No.: 4530100303000002<br>Office Code No.: 80661502001 |

3. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chharka Tangsong Rural Municipality, Kagkot, Dolpa, Karnali Province, Nepal or may visit PPMO website **www.bolpatra.gov.np/ egp**.The information about Pre-bid meeting, deadlines of submission and opening of bids scheduled to be held at chharka Tangsong Rural Municipality Kagkot, Dolpa are as follows .

| Pre-Bid Meeting Date | Last date and time of submission | Date and time of opening | Bid validity period | Bid security validity period |
|---|---|---|---|---|
| 22-01-2026 12:00 Hrs. | 03-02-2026 12:00 Hrs. | 03-02-2026 13:00 Hrs. | 90 day counting from the day of bid opening | Minimum 30 days beyond bid validity period |

**Chief Administrative Officer**

# सेतोपत्रे सडक आजको आवश्यकता : मुख्यमन्त्री कार्की

**दीपक खड्का/मध्यान्ह**
विराटनगर, १९ पुस

सडक पुर्वाधारमा प्रयोग हुने विटम्युन (अलकत्रा)लाई कम गर्दै सेतोपत्रे सडकलाई सरकारले प्राथमिकता दिने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले बताएका छन् ।

शुक्रबार नेपाल सिमेन्ट उत्पादक संघको आयोजना र इन्जिनियरिङ एशोसिएसन कोशी प्रदेशको सहआयोजनामा प्राविधिक तथा इन्जिनियरहरूलाई डिजाइन एण्ड कन्सट्रक्सन अफ रिजिड पेभमेण्ट फर रोड्स विषयक एकदिने तालिम उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी कार्कीले सो कुरा व्यक्त गरेका हुन् । उनले सरकारले कानुन बनाएरै यस विषयलाई प्रथमिकता दिनेमा सिमेन्ट उत्पादक संघका पदाधिकारीहरूलाई आश्वासन दिए । उनले उद्योगीलाई फागुन मसान्तभित्रै डकुमेन्ट बनाएर पेस गर्नसमेत आग्रह गरे ।

उनले वातावरणीय सन्तुलन, स्थानीय कच्चा सामग्रीको उपयोग र दिगो तथा भरपर्दो विकासका लागि पनि सेतोपत्रे सडक आवश्यकता भएको धारणा राखे । यस विषयमा स्थानीय पालिका प्रदेशको कुल बजेटको ३३ प्रतिशत भौतिक पूर्वाधारमा खर्च हुँदै आइरहेकोले पालिकाले समेत विशेष ध्यान दिन आग्रह गरे । यस अभियानलाई सातैवटा प्रदेश र ७ सय ५३ स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकलाई साथमा लिएर अगाडी बढाउन सके फलदायी हुने उनले बताए ।

संघीय शहरी विकास तथा भौतिक मन्त्रालयका पूर्व सचिव अर्जुन कार्कीले सुरुवातमा केही महँगो देखिए पनि दिर्घकालीन समयका लागि यो सस्तो र टिकाउ हुने बताए । उनले अमेरिकाको



ओहायो राज्यमा सन १९९१ मा निर्माण भएको सेतोपत्रे सडक आजसम्म पनि सामान्य मर्मत हुँदै सञ्चालनमा रहेको जानकारी दिए ।

उनले नेपालकै नागढुंगा र बुटवलको सिद्धबाबा टनेलमा सीआरसीपी प्रविधिवाट सडक निर्माण हुदै आएको जानकारी दिंदै नेपालमा जेआरसीपी, जेपीसीपी प्रविधिवाट बढीमात्रामा सडक निर्माण हुँदा केही महँगो भए पनि अलकत्राभन्दा सस्तो र टिकाउ हुने बताए । नेपालको बालाजु, त्रिशुली सडक दाउन्ने, अरनिको राजमार्गको सुर्यविनायक धुलिखेल लगायतका सडकमा यसको प्रयोग भएको कार्कीले बताए ।

नेपालमा कंक्रिडयुक्त सडक निर्माणको सुरुवात रसियन कम्पनीले ढल्केवर पथलैया सडक निर्माण गर्दा कज्वेमा प्रयोग गरिएको उल्लेख गर्दै उनले आज पनि उक्त कज्वे समान्य मर्मतवाटै सञ्चालनमा रहेको बताए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश तथा सिमेन्ट एशोसियसन कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले गत आर्थिक वर्षमा मात्रै डेढ अर्बको सिमेन्ट भारतबाट आयात भएको बताए । उनले नेपालमा २ लाख ५० हजार टन सिमेन्टको माग भए पनि मागबमोजिम उत्पादन गर्न नसकिएको बताए । कार्यक्रममा विशिष्ट अतिथि तथा लेटाङ नगरपालिकाका नगर प्रमुख भुपेन्द्र लावतीले स्थानीय तहमा राम्रो काम गर्न लाग्दा कतिपय सरकारी कानुनी प्रक्रियाले लामो समय लाग्ने र कार्यसम्पादनमा अप्ठ्यारो अवस्था सिर्जना भएको बताए । त्यस्तै अतिथि तथा दुहवी नगर पालिकाकी उपप्रमुख मेनुकादेवी खतिवडाले यस किसिमको तालिमले कर्मचारीमा क्षमतावृद्धि हुनुका साथै दिगो र सन्तुलित विकासमा जोड पुग्ने बताइन् ।

विभिन्न स्थानीय तहबाट आएका इन्जिनियर र प्राविधिकलाई दिइने यस्ता तालिमले सहभागीहरूमा अझ निखारता ल्याउने भौतिक पुर्वाधार मन्त्रालयका सचिव मिलन आचार्यले बताए । सुरुवाती चरणम ७ प्रदेश र पछि स्थानीय तहबीच समन्वयगरी कर्मचारी तथा प्राविधिकहरूको क्षमता अभिवृद्धिमा जोड दिने लक्ष्य रहेको आइपीटीएमका अध्यक्ष किशोर शाक्यले बताए ।

# एमाले रौतहट–३ बाट कुन्दनको नाम सिफारिस

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १९ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि रौतहट संसदीय निर्वाचन क्षेत्र नम्बर-३ बाट नेकपा (एमाले)ले कुन्दन कुशवाहालाई प्रत्यक्षतर्फ एकल उम्मेदवारका रूपमा सिफारिस गरेको छ । शनिबार रौतहट-३ अन्तर्गत गुजरा नगरपालिकामा आयोजित एमाले क्षेत्रीय कार्यकर्ता भेलाले पार्टी केन्द्रीय सदस्यसमेत रहेका कुशवाहालाई सर्वसम्मत रूपमा उम्मेदवार सिफारिस गर्ने निर्णय गरेको हो । क्षेत्रीय संयोजक युवराज ज्ञवालीका अनुसार भेलामा उपस्थित स्थानीय तहका पदाधिकारी, वडा प्रतिनिधि, क्षेत्रीय समिति सदस्य तथा कार्यकर्ताहरूले कुशवाहाको संगठनप्रतिको निरन्तर सक्रियता, जनसमस्यामा देखाएको पहल, विकास अभियानमा प्रस्तुत नेतृत्व क्षमता र क्षेत्रप्रतिको जिम्मेवारीलाई उच्च मूल्यांकन गरेका छन् । क्षेत्रीय भेलामा कुशवाहाको प्रमुख आतिथ्यता रहेको थियो भने कार्यक्रम क्षेत्रीय संयोजक ज्ञवालीको अध्यक्षतामा सम्पन्न भएको थियो । भेलामा प्रदेश सांसद तथा पूर्व मन्त्री केशव राय चौधरी, पूर्व मन्त्री नागेन्द्र यादव, देवाही गोनाही नगरपालिकाका मेयर प्रेमलाल साहलगायत एमालेका नगर, क्षेत्र, जिल्ला तथा प्रदेशस्तरीय पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।


## Masta Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhatekhola, Bajhang**
**Sudurpaschim Province**

### Invitation for Procurement Of Goods

**Date of publication: (Jan-4,2026)**

1. The Masta Rural Municipality Bhatekhola,Bajhang invites Online Procurement of Goods( Bid and Sealed Quotation) from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Inclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-ICT-2082/83-08 | procurement and Supply, ICT Lab material | 6159000.00/- | 3000/- | 153000.00/- | 120 days | Bid |
| MRM-FFP-2082/83-09 | Procurement and Supply Furniture and Fixtures Item | 3476950.00/- | 3000/- | 86000.00/- | 120 day | Bid |
| MRM-SQ5-2082/83-10 | Procurement and Supply, Teaching Material | 1068950.00/- | 1000/- | 26000.00/- | 45 day | Sealed Quotation |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .

| Last Date and Time For Bid/ Sealed Quotation Purchase | | Last Date and Time for Bid/ Sealed Quotation Submission | | Date and Time for Bid/ Sealed Quotation Opening | |
|---|---|---|---|---|---|
| Bids | Quotation | Bids | Quotation | Bid | Quotation |
| Date : Feb-3, 2026-12:00 Noon | Date : Jan-19, 2026-12:00 Noon | Date: Feb-3, 2026-12:00 Noon | Date : Jan-19, 2026-12:00 Noon | Date: Feb-3, 2026-13:00 Noon | Date : Jan-19, 2026-13:00 Noon |
| Cash Deposit For Purchases | | Cash Deposit For Bid Security | | | |
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | | Rastriya Banijya Bank, Bajhang | |
| Account Name | Masta Rural Municipality | Account Name | | Masta Rural Municipality | |
| Account Number | 4110100301010006 | Account Number | | 4110100303000006 | |
| Office Code | 801077010 | Office Code | | 801077010 | |
| Revenue Head | 14229 | Revenue Head | | 14229 | |

**Chief Administrative Officer**


# कतारमा रहेका तमुहरूले मनाए तमू ल्होसार

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १९ पुस

कतारमा रहेका गुरुङहरुले आफ्नो महान् तथा राष्ट्रिय पर्व तमू ल्होसार भव्य रूपमा मनाएका छन् । स्प्रही- ल्हो (सर्प वर्ग) को बिदाइ गरी त ल्हो (घोडा वर्ग)को स्वागत गर्दै विविध सांस्कृतिक कार्यक्रमका साथ शुक्रबार ल्होसार मनाएका हुन् ।

अल ओकिरमा रहेको डिपीएस मोनार्क इन्टरनेसनल स्कुलको सभा हलमा सम्पन्न ल्होसारमा नेपालबाट आएका अतिथि कलाकार कुशल थलाङसहित कार्यक्रम अवधिभर कतारमा रहेका र तमु सांस्कृतिक परिवारमा आबद्ध रहेका कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए । ल्होसारमा कलाकारको समूहले पेस गरेको कौराहा विशेष आकर्षण बनेको थियो भने नेपालमा समेत लोप हुँदै गएको रोधी बस्ने परम्परा यस पटक कतारमा झल्कियो । रोधी बसेर डोलो र डोल्स्योहरुबीचको प्रत्यक्ष दोहोरीमा जमेको रोधीले कार्यक्रममा रौनकता बढाएको थियो । त ल्हो ल्होसार मूल आयोजक समितिका संयोजक तथा आयोजक संस्था मध्यको तमु प्ये ल्हु संघ शाखा कतारका अध्यक्ष राम ल्हेगे गुरुङको अध्यक्षता तथा कतारका लागि नेपाली पर्यटनदूत राजेन्द्र कुमार शर्माको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा तमु संस्कार अनुसार क्रेकीद्वारा कार्यक्रमका सभाध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठ, त्यस्तै अर्को आयोजक संस्था तमु(गुरुङ) समाजका संस्थापक अध्यक्ष तथा संरक्षक राम बहादुर तमुसहित समाज र संघका प्रमुख संरक्षक, क्यब्री गुरु र पच्यु गुरु लगायतलाई क्रेगीद्धारा सम्मान गरिएको थियो ।

त्यस्तै कार्यक्रमका प्रमुख अतिथि शर्मालाई भांग्रा र क्रेगीद्वारा सम्मान गरिएको थियो । कतारमा स्थापित विभिन्न संघसस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको कार्यक्रममा सीमित व्यक्तिले शुभकामना मन्तव्य राखेका थिए ।

गुरुङ भेषभुषामा सजिएका



सयौं दर्शक राति ८ बजेसम्मै कलाकारका प्रस्तुतिमा झुमे । आदिवासी जनजाति महासंघमा आवद्ध मातृ संस्थाहरूले संयुक्त रूपमा, पाल्पाली सेवा समाज कतार, नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति र नेपाल तामाङ प्रवासी समाज महिला विभागले आयोजक संस्थाका महिला विभागका संयोजक तथा महिलाहरूलाई अलग अलग गरी चलिआएको रीतिरिवाज, चालचलन धर्म संस्कृतिको समेत जगेर्ना गर्ने बताउँदै कोसेली प्रदान गरेका थिए भने आयोजकले कार्यक्रमका अन्त्यमा कोसेली प्रदान गरेका संघसंस्थालाई कोसेलीसहित स-सम्मान बिदाइ गरेका थिए ।

गुरुङहरूले हरेक वर्ष छान्ने गरेको तमु राजा (म्रु) छेलो प्रतियोगितामा विजयी हासिल गर्ने व्यक्ति नै राजा हुने प्रचलन अनुसार यस वर्ष २२ प्रतिस्प्रर्धीलाई पछि पार्दै दोर्दी गाउँपालिका वार्ड नं ५ लप्सी बोट लमजुङका सेनबहादुर गुरुङ राजाका रूपमा चयन भएका छन् । गत शुक्रवार राजा छनोट भएपनि ल्होसार कार्यक्रममार्फत उनलाई क्रेगी लगाइ सम्मानसहित प्रमाणपत्र र मायाको चिनोद्वारा सम्मान गरिएको थियो । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि शर्माले कतारका तमुहरूले संयुक्त रूपमा ल्होसारको आयोजना गरेकोमा प्रशंसा गर्दै समाजमा यसले सकारात्मक सन्देश दिएको बताए । एकै घरका दुई भाइ दुई तर्फ फर्कनेहरूका लागि दुई संस्थाले संयुक्त रूपमा ल्होसारको आयोजना गर्दै सकारात्मक सन्देश दिएको बताए ।उनले एनआरएनएको अभियानमा आफू लामो समय देखि लागेको हुँदा श्रम गरेर परिवार मात्र पालन नभई मध्यपूर्वबाट देश विकासमा उत्तिकै योगदान दिएका श्रमिकहरूलाई राज्यले उचित सम्मान गर्नु पर्ने बताउँदै स्वदेशमा संयुक्त लगानी गर्नु पर्ने अवस्था आएको बताउँदै कतारको कानुनलाई अक्षरशः पालना गर्न सबैलाई आग्रह गरे । गुरुहरू नवीन टु गुरुङ (क्यब्री गुरु) र अशोक सर्बुजा गुरुङ (पच्यु गुरुले आशिमाला पढेर देवी देवता कुल पितृलाई सम्झँदै कार्यक्रमको शुभारम्भ गरिएको थियो ।


## म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**छाङ्ग, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सुचना

**प्रकाशित मिति: २०८२/०९/२०**

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयद्धारा मिति २०८२।०८।१२ मा तेस्रो पटक सुचना प्रकाशित गरि आह्वान गरिएको तपसिल बमोजिमको ठेक्काको लागि पेश हून आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र अधिक्तम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि नं | ठेक्का नं र नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क (भ्याट बाहेक) | बढि प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | MRM-19-2082/083, Revenue Collection of river bed Materials of Ghumaune Ghat, Myagde-04 | Six Madi Build And Multipurpose, Madi-06, Kaski | २८,५२,९९६।६४ (अट्ठाईस लाख बाउन्न हजार नौ सय छयानब्बे रुपैया चौसट्ठी पैसा मात्र) | ०।०१८% | |
| २ | MRM-14-2082/083,Revenue Collection of river bed Materials of Kudule Ghat, Myagde-04 | Harishanti Construction,Vyas-02, Tanahun | ५१,३०,८७४।२१ (एकाउन्न लाख तिस हजार आठ सय चौहत्तर रुपैया एक्काइस पैसा मात्र) | ०।००४५% | |

**प्रमुख प्रशासकीय अधिकृत**

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कपिलाकोट, सिन्धुली**
**बागमती प्रदेश**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति २०८२/०९/२०)**

यस कार्यालयको बोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम रित पूर्वक पेश हुन आएका वोलपत्रहरु मूल्याङ्कन गर्दा अधिकतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही रहेका देहाय बमोजिमका बोलपत्रहरु स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि आशयको सूचना प्रकाशन गरिएको छ ।

| बोलपत्र सम्बन्धी सुचना प्रकाशन मिति | सूचना प्रकाशित पत्रिका | बोलपत्र नं. | कामको विवरण | अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम रु. (मू.अ. कर समेत) |
|---|---|---|---|---|---|
| २०८२/०८/२६ | हिमालय टाइम्स राष्ट्रिय दैनिक | MRM/Sindhuli/ NCB/IR/01/ 2082-083(Re-2) | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Marin Khola at Marin Rural Municipality | श्री डि.आर. कन्स्ट्रक्सन गोदाबारी न.पा.-११, ललितपुर | १,६८,३७,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२० पुस २०८२ आइतबार
4 January 2026 Sunday

## सम्पादकीय

# वैचारिक स्पष्टता आवश्यक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) शक्ति विस्तार गर्दै मुलुकको निर्णायक पार्टी बन्ने ध्याउन्नमा छ । यसका लागि उसले वैकल्पिक राजनीतिमा सम्भावना खोजिरहेका काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङलाई पार्टीमा मिलाएको छ । मुलुकको निर्णायक शक्ति बन्ने प्रयासमा रहेको रास्वपाको वैचारिक धार के हो ? यसबारे आम चासो प्रकट भइरहेका बेला पार्टीभित्रै यो बहस उठेको छ । खासगरी कुलमान पक्षधरले संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षतासहित वैचारिक धारमा लिखित स्पष्टता खोजेको छ । उनीहरूको तर्क छ– अहिले वैचारिक स्पष्टता भए भविष्यमा विचारकै कारण बेमेल आउने छैन ।

रास्वपा २०७९ को चुनावको चार महिना अगाडि जन्मिएको पार्टी हो । जसले प्रदेश सभा सदस्यको निर्वाचनमा भाग लिएन । यसका शीर्ष नेताहरूले प्रदेश सभा सदस्यतर्फ मतदानसमेत गरेनन् । रास्वपाका सभापति रवि लामिछाने र हाल रास्वपामै पुगेका बालेन शाहले पनि २०७९ को चुनावमा प्रदेश सभा सदस्यका लागि मतदान गरेनन् । रास्वपाले राष्ट्रिय सभा सदस्यको निर्वाचनमा समेत भाग लिएको छैन । आगामी ११ माघमा राष्ट्रिय सभा सदस्यको १८ सिटका लागि निर्वाचन हुँदैछ । उक्त निर्वाचनमा भाग लिने भनेर रास्वपाले दल दर्ता गरेको छैन । संघीयता, पहिचान, गणतन्त्र र धर्मनिरपेक्षताका विषयमा पनि रास्वपाले प्रष्ट केही भनेको छैन । अहिलेको प्रदेश संरचना बदल्ने रास्वपाले बताउँदै आएको छ । बाँकी विषयमा मौन छ । बालेन शाहले अगाडि बढाउन खोजेको देश विकास पार्टीको नीति योग्यताको आधारमा अगाडि बढ्ने भन्ने थियो । जहाँ समावेशी प्रतिनिधित्वको विषय गौण थियो । नेपाल जस्तो बहुलतायुक्त समाज र सदिऔंदेखि पछाडि पारेका समुदाय रहेको समाजमा कस्तो नीति उपयुक्त हो ? यो प्रष्ट गर्नु आम नागरिकका लागि त आवश्यक छ नै स्वयम रास्वपाको भविष्यका लागि समेत यो जरूर चाहिन्छ ।

पार्टी बनाउँछु र देश चलाउँछु भन्नु लहडको विषय होइन । नेपालको भविष्य कस्तो बनाउने र कसरी बनाउने भन्ने प्रष्ट गर्न नसक्दा त्यस्तो शक्ति क्षणिक रूपमा उदाएता पनि दिगो हुँदैन । किनभने जनताले पार्टीसँग प्रतिबद्धता मात्रै होइन, एजेन्डा खोज्दछन् । भारतको नयाँ दिल्लीमा शिक्षा र स्वास्थ्यमा सहुलियतको नारा दिएर उदाएका केजरीवालले सोहीअनुसार काम गरे । थप अगाडि बढ्न धार्मिक एजेन्डाको सहायता लिन खोजे, तर उक्त एजेन्डा बोक्ने भारतीय जनता पार्टी पहिले नै शक्तिको रूपमा थियो । परिणाममा केजरीवाल कमजोर हुन पुगे । छिमेकको यो उदाहरणले पनि रास्वपालाई भन्छ– वैचारिक स्पष्टता चाहिन्छ । लामो समय राजनीति गर्न भावना होइन एजेन्डा आवश्यक छ । यसबारे रास्वपा समयमै घोत्लियोस् ।

# पपुलिज्मको राजनीति र बाम आन्दोलन

*देश नायकले होइन, प्रणालीले बन्छ । तर, आजको नेपाली समाज व्यक्तित्व-केन्द्रित ध्रुवीकरणमा अल्झिएको छ ।*

अग्रलेख



● नारायणप्रसाद पौडेल

विचार मिल्ने शक्तिहरू एकै ठाउँ उभिनु लोकतान्त्रिक राजनीतिमा अस्वाभाविक होइन । बरु, वैचारिक निकटता भएका समूह वा व्यक्तिहरूबीच संवाद, सहकार्य र प्रतिस्पर्धा हुनु नै राजनीतिक गतिशीलताको स्वाभाविक संकेत हो । नेपालको पछिल्लो राजनीतिक इतिहास नियाल्दा सशस्त्र संघर्षदेखि संसदवादी प्रतिस्पर्धासम्म आइपुगेका बाम धाराहरू, पृथकतावादी राजनीति त्यागेर मूलधारमा आएका समूहहरू र राज्य-विरोधी भाष्यबाट लोकतान्त्रिक प्रक्रियामा प्रवेश गरेका पात्रहरू सबै आजको राजनीतिक संरचनाभित्र समाहित देखिन्छन् ।

सिंहदरबार जलाउने नाराबाट यात्रा सुरु गरेकाहरूले नै लोकतान्त्रिक प्रतिस्पर्धाको बाटो हुँदै सिंहदरबारभित्र गठजोड र भागबन्डा गर्नुलाई केवल विरोधाभासका रूपमा हेर्नु सही हुँदैन । बरु, यो प्रणालीको स्वीकारोक्ति हो- यस अर्थमा लोकतन्त्रको विजय पनि । 'संसदलाई बोकाको टाउको झुन्ड्याएर अरू नै के-के बेच्ने थलो' भन्ने माओवादी भाष्य आज संसदकै केन्द्रमा छ । कुनै समय राज्यलाई नै अस्वीकार गर्ने सिके राउत संविधानभित्र राजनीतिक अभ्यास गरिरहेका छन् । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको धाराले समेत चुनावी प्रतिस्पर्धा स्वीकार गर्ने संकेत दिएको छ । यी सबै घटनाक्रमले एउटै सन्देश दिन्छन्- प्रणाली बलियो छ र अन्ततः सबै धाराहरू त्यसैभित्र समाहित हुन्छन् । तर यही बिन्दुबाट नेपाली राजनीतिमा अर्को गम्भीर समस्या सुरु हुन्छ- नायक निर्माणको उन्माद र प्रणालीगत बहसको क्रमिक अवसान ।

आजको नेपाली राजनीतिक-सामाजिक विमर्शमा तीन नाम अत्यन्त प्रभावशाली रूपमा उभिएका छन्- रवि लामिछाने, बालेन्द्र साह 'बालेन' र कुलमान घिसिङ । फरक-फरक क्षेत्रबाट आएका यी पात्रहरूलाई हेर्ने सार्वजनिक धारणा लगभग एउटै छ- यिनैले देश बनाउँछन् । समस्या व्यक्ति हुनु होइन; समस्या व्यक्तिलाई प्रणालीको विकल्पका रूपमा प्रस्तुत गरिनु हो ।

रवि लामिछानेलाई 'पुराना दल समाप्त गर्ने' तारणहारका रूपमा, बालेनलाई 'सिस्टम तोड्ने एक्लो योद्धा'का रूपमा र कुलमान घिसिङलाई 'एक इमानदार व्यक्ति आएपछि सबै सुधार सम्भव हुन्छ' भन्ने प्रमाणका रूपमा प्रस्तुत गरिँदैछ । यी जनभावनाहरूको सामाजिक पृष्ठभूमि बुझ्न सकिन्छ । असफल शासन, भ्रष्टाचार, जवाफदेहिताको अभाव र संस्थागत पतनले जनता गहिरो निराशामा छन् । तर यही निराशाको जगमा निर्माण हुँदै गएको व्यक्तित्व-पूजाको राजनीति नै आजको सबैभन्दा ठूलो खतरा हो ।

पपुलिज्मको मूल विशेषता हो- प्रणालीभन्दा व्यक्ति ठूलो देखिन खोज्नु, जटिल संरचनागत समस्याहरू एक व्यक्तिको साहस, इमानदारी वा करिश्माबाट समाधान हुन्छन् भन्ने भ्रम सिर्जना गर्नु । रवि-बालेन-कुलमान वरिपरि बनेको ध्रुवीकरण र प्रणालीगत बहसको कमजोर उपस्थितिले यही प्रवृत्ति उजागर गर्छ ।

कुलमानको सफलताको आधार व्यक्तिगत इमानदारी मात्र होइन; त्यसमा राजनीतिक निर्णय, संस्थागत समर्थन, कानुनी अधिकार र राज्य संयन्त्रको प्रभावकारी प्रयोग पनि जोडिएको छ । तर सार्वजनिक कथ्य यसरी बनाइयो- एक जना आएपछि लोडसेडिङ गयो । यसले संस्थागत संघर्ष, नीति निरन्तरता र सामूहिक प्रयासलाई ओझेलमा पाऱ्यो । बालेनको कार्यसम्पादनमा पनि व्यक्तिगत साहससँगै स्थानीय सरकारका संवैधानिक अधिकार, कर्मचारी संयन्त्र र कानुनी संरचनाको भूमिका छ । तर बहस फेरि त्यहीँ सीमित रह्यो- एक्लैले




सबै गर्छ । यसरी व्यक्ति-पूजाले संस्थागत चेतनाको स्थान लियो । रविको उदय जनआक्रोशको राजनीतिक अभिव्यक्ति हो । तर जब राजनीतिलाई संस्थागत कार्यक्रम, वैचारिक स्पष्टता र दीर्घकालीन नीतिभन्दा भावनात्मक प्रतिशोध र 'सबै खराब, म मात्र ठीक' भन्ने कथ्यमा सीमित गरिन्छ, त्यो पपुलिज्ममा परिणत हुन्छ ।

यही सन्दर्भमा बाम आन्दोलनसँग सम्बन्धित गम्भीर प्रश्न उठ्छ- यस ध्रुवीकरणलाई बाम आन्दोलनले कसरी हेर्ने ? बाम आन्दोलनको ऐतिहासिक उद्देश्य व्यक्तिको महिमा होइन, संरचनाको रूपान्तरण हो । वर्गीय शोषणको अन्त्य, संस्थागत अन्यायको उन्मूलन र राज्य-सत्ताको पुनर्संरचना यसको केन्द्रीय एजेन्डा हुन् । तर आज बाम आन्दोलन स्वयं नायक-केन्द्रित बहसको पछि लागिरहेको देखिन्छ- कहिले समर्थनमा, कहिले विरोधमा । कसैले रविलाई सम्भावना देख्छ, कसैले खतरा । कसैले बालेनलाई जनताको प्रतिनिधि भन्छ, कसैले अराजक । कसैले कुलमानलाई समाजवादी आदर्श बनाउँछ, कसैले मिडिया प्रोजेक्ट । तर बाम आन्दोलनको मूल प्रश्न यी व्यक्तिहरू होइनन् । प्रश्न हो- यी व्यक्तित्व वरिपरि निर्मित पपुलिस्ट चेतनाले बाम आन्दोलनलाई कुन दिशामा लैजाँदैछ ?

> *पपुलिज्मको मूल विशेषता हो- प्रणालीभन्दा व्यक्ति ठूलो देखिन खोज्नु, जटिल संरचनागत समस्याहरू एक व्यक्तिको साहस, इमानदारी वा करिश्माबाट समाधान हुन्छन् भन्ने भ्रम सिर्जना गर्नु । रवि-बालेन-कुलमान वरिपरि बनेको ध्रुवीकरण र प्रणालीगत बहसले यही उजागर गर्छ ।*

नेपाली कम्युनिस्ट आन्दोलनले यस्ता युफोरियाहरू पहिल्यै भोगिसकेको छ । 'जनसरकार', 'नयाँ नेपाल' र नायक निर्माणका बिम्बहरू समयसँगै विलीन भए । न समाजवाद आयो, न संस्थागत लोकतन्त्र बलियो बन्यो । आज देखिएको रवि-बालेन-कुलमान एकता पनि संस्थागत बहस र दीर्घकालीन राजनीतिक दृष्टिमा रूपान्तरण हुन सकेन भने, त्यो इतिहासको अर्को पुनरावृत्ति मात्र हुनेछ । लामो दौडमा घोडा पानीदार हो कि होइन भन्ने निर्णय क्षणिक उत्साहले होइन, निरन्तर यात्राले गर्छ । समाजवाद पनि त्यसैगरी सम्भव हुन्छ, लोकतान्त्रिक रूपान्तरण पनि त्यसैगरी । बाम आन्दोलनको भविष्य न त रवि समर्थनमा छ, न बालेन विरोधमा, न कुलमानको महिमामा । यसको भविष्य छ- विचारको स्पष्टतामा, संस्थागत राजनीतिमा, राज्य संयन्त्रको सुधारमा, र जनतालाई भावनात्मक होइन, राजनीतिक रूपमा सचेत बनाउने क्षमतामा ।

देश नायकले होइन, प्रणालीले बन्छ । तर, आजको नेपाली समाज व्यक्तित्व-केन्द्रित ध्रुवीकरणमा अल्झिएको छ । मूल प्रश्न उनीहरू को हुन् भन्ने होइन; प्रश्न हो- हामी कस्तो राजनीति निर्माण गर्दैछौं ? यदि बाम आन्दोलन पनि पपुलिज्मलाई विकल्प ठानी, व्यक्तित्व-पूजाको लहरमा बगेर दीर्घकालीन संरचनागत बहसभन्दा तात्कालिक लोकप्रियतामा रमायो भने, त्यो आन्दोलनले इतिहाससँग गम्भीर विश्वासघात गर्नेछ । देश पपुलिज्मले बन्दैन । बाम आन्दोलन पनि पपुलिज्मले बन्दैन । देश बन्छ- प्रणालीले, संस्थाले, विचारले र सामूहिक संघर्षले । र बाम आन्दोलनको भविष्य पनि त्यहीँ सुरक्षित छ ।

## इतिहासमा आज


४ जनवरी २००७ मा ११०औं संयुक्त राज्य अमेरिकाको कांग्रेसको बैठक बसेको थियो, जसले अमेरिकी इतिहासमा न्यान्सी पेलोसीलाई सदनको पहिलो महिला सभामुखको रूपमा निर्वाचित गरेको थियो ।



४ जनवरी २००८ मा भेनेजुएलाको लस रोक्स द्वीपसमूहमा ए लेट एल-४१० टर्बोलेट दुर्घटनाग्रस्त हुँदा जसमा १४ जनाको मृत्यु भएको थियो ।



४ जनवरी २०१० मा विश्वकोसबैभन्दा अग्लो भवन बुर्ज खलिफा आधिकारिक रूपमा दुबईमा खुलेको थियो ।



४ जनवरी २०१८ मा दक्षिण अफ्रिकाको फ्री स्टेटको हेनेनम्यान र क्रूनस्टाड बीचको जेनेभा स्टेशनको लेभल क्रसिङमा शोशोलोजा मेइलद्वारा सञ्चालित यात्रुवाहक रेल ट्रकसँग ठोक्किँदा २० जनाको मृत्यु भएको थियो भने २६० जना घाइते भएका थिए ।



## सामाजिक सञ्जाल




डम्बर खतिवडा

कांग्रेसभित्रको नेतृत्व संघर्षलाई कांग्रेसको मात्रै ठान्नु हुँदैन, राष्ट्रिय संघर्षकै हिस्सा हो । अधम र भ्रष्ट बृद्वतन्त्रबाट मुक्ति संघर्ष हो । विचार फरक होस्, सबै दल स्वच्छ भए मात्र लोकतन्त्र सफल हुन्छ । कांग्रेसमा नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र रूपान्तरण पुनर्गठनकै अंश हो ।

हामी कति तानाशाही, परिवारवादी, व्यक्तिवादी र विवेकहीन छौं भन्ने कुरा हाम्रा सबै नयाँ-पुराना पार्टी नेतृत्वले पठाएका समानुपातिक उम्मेदवारको सूचीले देखाउँछ । डाडुपुन्यु आफ्नै हातमा भएको राष्ट्रपतीय प्रणाली वा पूर्ण-समानुपातिक निर्वाचन प्रणाली भए यिनले के गर्लान् ? केही नयाँ सोच्ने हो कि ?




हरि रोका



किशोर नेपाल

अहिलेको परिवर्तन असहज हो । यो परिवर्तनपछि देश अघि बढ्ने सम्भावना छैन । असमयमा भएको आन्दोलनलाई जेनजी आन्दोलनको नाम दिइयो । जेनजी मरे, जेनजी मारिए । आन्दोलनको फाइदा जनताले होइन, शक्ति र सत्ताका दलालहरूले उठाए ।


समानुपातिकको गलत प्रयोग भयो । स्वार्थ केन्द्रित सोच हाबी बन्यो । विवादमुक्त कोही रहन सकेन । यो असफलताको स्पष्ट प्रमाण हो । परीक्षामा नेतृत्व अनुत्तरित रह्यो । अब ढिला नगरी संविधान संशोधन अपरिहार्य छ ।



चन्द्र भण्डारी

# मार्क्सवाद, विचलन र समाजवादको बाटो

विचार



● समर शर्मा

> *समाजवादको लक्ष्यमा अडिग रहन मजदुर, किसान र सर्वहारा वर्गको वैचारिक तथा राजनीतिक अगुवाइ अनिवार्य हुन्छ । पूर्ण समाजवादमा सीधै फड्को मार्ने कुरा व्यवहारिक हुँदैन; त्यसका लागि पूर्व-समाजवादी चरणमा उत्पादन शक्तिको विकास आवश्यक हुन्छ ।*

शास्त्रीय समाजवादको मूल मान्यता उत्पादनका साधनहरूमाथि मजदुर, किसान र श्रमिक वर्गको सामूहिक स्वामित्व स्थापना गर्नु हो । यही स्वामित्वमार्फत वर्गविहीन समाजको आधार तयार हुन्छ र शोषणको अन्त्य सम्भव हुन्छ भन्ने मार्क्सवादी सिद्धान्तको केन्द्रीय निष्कर्ष हो । तर व्यवहारमा समाजवादी क्रान्तिपछि राज्यसत्ता कसरी सञ्चालन गरिन्छ, उत्पादनका साधनहरू कसरी रूपान्तरण गरिन्छन् र संक्रमणकालीन चरणलाई कसरी व्यवस्थापन गरिन्छ भन्ने प्रश्नहरू सधैँ जटिल रहँदै आएका छन् । रुसी क्रान्तिपछिको अनुभवले यही जटिलतालाई स्पष्ट रूपमा उजागर गर्छ ।

रुसमा लागू गरिएको आर्थिक र राजनीतिक प्रणालीलाई धेरैले शास्त्रीय अर्थमा समाजवादभन्दा पनि राज्य-नियन्त्रित पुँजीवादको रूपमा विश्लेषण गर्छन् । उत्पादनका मुख्य साधनहरू राज्यको नियन्त्रणमा गएका थिए, तर ती साधनहरूमाथि प्रत्यक्ष रूपमा मजदुर-किसानको लोकतान्त्रिक स्वामित्व र नियन्त्रण स्थापित हुन सकेको थिएन । लेनिन स्वयं यस अवस्थालाई स्थायी लक्ष्यका रूपमा होइन, बरु संक्रमणकालीन चरणका रूपमा हेर्थे । उनका दृष्टिमा राज्यको नेतृत्वमा उत्पादन शक्तिको विकास गर्दै क्रमशः मजदुर र किसानलाई वास्तविक स्वामित्व र निर्णय प्रक्रियामा लैजानु आवश्यक थियो । यही कारण उनले नयाँ आर्थिक नीति जस्ता प्रयोगहरूलाई पनि रणनीतिक कदमका रूपमा स्वीकार गरेका थिए ।

तर यही संक्रमणकालीन मार्ग र राज्यको भूमिकाबारे पार्टीभित्रै गम्भीर वैचारिक विवादहरू देखा परे । लेनिनको निधनपछि ती विवादहरू अझ तीव्र बने । स्टालिनको नेतृत्वकाल बाह्य रूपमा विश्वयुद्ध, साम्राज्यवादी घेराबन्दी र आन्तरिक रूपमा प्रतिक्रान्तिकारी शक्तिसँगको संघर्षले थप संकटपूर्ण रह्यो । यसले औद्योगिकीकरण र सैन्य शक्ति निर्माणमा केही उपलब्धि दिलाए पनि मजदुर-किसानको प्रत्यक्ष स्वामित्व र लोकतान्त्रिक अभ्यास विस्तार गर्ने काम अधुरो रह्यो । समाजवादतर्फको संक्रमण राज्य-केन्द्रित संरचनामै अड्कियो ।

स्टालिनपछिको कालखण्डमा ख्रुश्चोभले केही सुधारको प्रयास गरे, तर ती सुधारहरूले राज्य-पुँजीवादलाई मजदुर-किसानको समाजवादी स्वामित्वतर्फ लैजानुको सट्टा नोकरशाही पुँजीवादतर्फ धकेले । पार्टी र राज्य संयन्त्रभित्रको विशेषाधिकारप्राप्त तह बलियो बन्दै गयो । उत्पादन र वितरणको नियन्त्रण श्रमिक वर्गको हातमा पुग्नुभन्दा पनि प्रशासकीय नोकरशाहीको हातमा केन्द्रित रह्यो । यस प्रक्रियाले समाजवादी मूल्यभन्दा टाढा लैजाने बीउ रोप्यो ।

पछिल्ला नेतृत्वहरूमा आइपुग्दा यो विचलन अझ गहिरो भयो । समाजवादको नाममा व्यक्ति केन्द्रित पुँजीवादी अभ्यास, सिन्डिकेट र कार्टेलिङलाई स्थान दिइयो । बजार र नाफालाई प्राथमिकता दिँदै राज्य र पार्टी नेतृत्व स्वयं पुँजीवादी हितसँग गाँसिन थाले । यसले अन्ततः पूर्ण पुँजीवादी पश्चगमनको बाटो खोल्यो । राज्य-नोकरशाही पुँजीवाद प्रतिक्रियावादी पुँजीवादमा रूपान्तरण भयो र साम्राज्यवादी प्रणालीसँग समायोजन गर्ने दिशामा अघि बढ्यो । यो सम्पूर्ण प्रक्रिया शास्त्रीय मार्क्सवादबाट भएको वैचारिक विचलनको प्रत्यक्ष परिणामका रूपमा देखिन्छ, जसले प्रतिक्रान्तिलाई जन्म दियो ।

आजको सन्दर्भमा यो ऐतिहासिक अनुभवले गम्भीर पाठ सिकाउँछ । समाजवादको लक्ष्यमा अडिग रहन मजदुर, किसान र सर्वहारा वर्गको वैचारिक तथा राजनीतिक अगुवाइ अनिवार्य हुन्छ । पूर्ण समाजवादमा सीधै फड्को मार्ने कुरा व्यवहारिक हुँदैन; त्यसका लागि पूर्व-समाजवादी चरणमा उत्पादन शक्तिको विकास आवश्यक हुन्छ । तर यो विकास पुँजीवादी स्वतन्त्रतामा होइन, राज्यको सशक्त नियन्त्रण र स्पष्ट समाजवादी दिशा निर्देशनमा हुनुपर्छ । राज्यले बजारलाई नियन्त्रण गर्दै, बिचौलिया र वित्तीय पुँजीको प्रभावलाई सीमित गर्दै उत्पादनका स्रोत-साधनलाई क्रमशः मजदुर-किसानको सामूहिक स्वामित्वमा हस्तान्तरण गर्नुपर्छ ।

यस प्रक्रियामा राज्य नेतृत्वको भूमिका निर्णायक हुन्छ । तर त्यो राज्य नेतृत्व नोकरशाही वा विशेषाधिकारप्राप्त वर्गको प्रतिनिधि होइन, बरु श्रमिक वर्गको राजनीतिक औजार हुनुपर्छ । योजना, नीति र संस्थागत संरचनाहरू मजदुर-किसानको सहभागिता र निगरानीमा सञ्चालन हुनुपर्छ । अन्यथा, संक्रमणकालीन पुँजी विकासको नाममा बिचौलिया वर्गको उत्थान हुन्छ, वित्तीय पुँजी हावी हुन्छ र दलाल पुँजीवादी वर्गको पोषण हुन्छ । यस्तो अवस्थामा राज्य स्वयं साम्राज्यवादको सेवामा समाहित हुने खतरा पैदा हुन्छ ।

त्यसैले आजको मुख्य कार्यनीतिक प्रश्न समाजवादको नाम मात्र होइन, यसको वास्तविक वर्गीय सार सुनिश्चित गर्नु हो । शास्त्रीय मार्क्सवादी सिद्धान्तमा दृढ रहँदै, ऐतिहासिक अनुभवबाट पाठ सिक्दै, उत्पादन शक्तिको विकास र उत्पादन सम्बन्धको रूपान्तरणलाई एकसाथ अघि बढाउनु आवश्यक छ । राज्यको नियन्त्रणलाई समाजवादी दिशामा प्रयोग गर्दै, मजदुर-किसानको सामूहिक स्वामित्व र लोकतान्त्रिक अभ्यास विस्तार गर्दै पूर्ण समाजवादतर्फ अग्रसर हुनु नै आजको प्राथमिक कार्य हो । यही बाटोले मात्र प्रतिक्रान्ति रोक्न र समाजवादी लक्ष्यलाई यथार्थमा बदल्न सकिन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# आँखा शिविरमा ७ सय २३ को परीक्षण २ सय ५७ जनालाई शल्यक्रियाका लागि रिफर

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ पुस



रौतहटको सदरमुकाम गौर नगरपालिका-९ सिर्सियामा आयोजित बृहत् निःशुल्क आँखा उपचार तथा परामर्श शिविर सफलतापूर्वक सम्पन्न भएको छ।

स्थानीय समाजसेवी तथा उद्योगी-व्यवसायी विजय श्रीवास्तव र अजय श्रीवास्तवको विशेष पहलमा विगत एक दशकदेखि निरन्तर सञ्चालन हुँदै आएको यस सेवामूलक कार्यक्रमबाट यस वर्ष पनि सयौं विपन्न तथा लक्षित नागरिक लाभान्वित भएका छन्।

ड्याक फाउन्डेसनको आर्थिक सहयोग तथा नेपाल नेत्रज्योति संघअन्तर्गत गौर आँखा अस्पतालको प्राविधिक आयोजनामा सञ्चालित उक्त शिविरमा कुल ७ सय २३ जनाले आँखा परीक्षण गराएका छन्। लाभान्वित हुनेहरूमा ३ सय ९२ महिला र ३ सय ३१ पुरुष रहेका छन्, जसमा बालबालिकादेखि वृद्धवृद्धासम्म छन्।

शिविरमा १ सय ६५ जनालाई निःशुल्क औषधि वितरण गरिएको छ। १ सय ५४ जनालाई निःशुल्क चश्मा प्रदान गरिएको छ भने २ सय ५७ जना बिरामीमा मोतिविन्दु लगायतका गम्भीर समस्या देखिएकाले उनीहरूलाई थप उपचार तथा निःशुल्क शल्यक्रियाका लागि गौर आँखा अस्पतालमा रिफर गरिएको हो।

शिविरमा गौर आँखा अस्पतालका तर्फबाट ११ सदस्यीय दक्ष प्राविधिक टोली खटिएको थियो। टोलीमा अशोक पासवान, अमित दास, दिनेश घिमिरे, जितेन्द्र साह, राम अयोध्या यादव, परधुमान यादव लगायतका विशेषज्ञहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका संयोजक सत्येन्द्र पाण्डेका अनुसार, शिविरमा छनोट भएका बिरामीहरूको शल्यक्रिया आगामी आइतबारदेखि शुक्रबारसम्म गौर आँखा अस्पतालमा गरिने भएको छ। शल्यक्रियाका लागि जाने बिरामीहरूका लागि समाजसेवीहरूको निजी खर्चमा खानपान, चिया-नास्ता र आवश्यक आवासको पूर्ण व्यवस्थापन गरिएको पाण्डेले जानकारी दिए।

आफ्ना स्वर्गीय बुबा मदनमोहन श्रीवास्तव र आमा कृष्णदेवीको पुण्य स्मृतिमा श्रीवास्तव दाजुभाइले विगत १० वर्षदेखि यो अभियान चलाउँदै आएका छन्। 'हामी कुनै राजनीतिक लाभ वा दलगत स्वार्थका लागि नभई विशुद्ध मानवीय सेवाका लागि यस कार्यमा जुटेका हौं,' समाजसेवी विजय र अजय श्रीवास्तवले संयुक्त रूपमा भने, 'आफ्नै गाउँ-ठाउँका विपन्न दाजुभाइ, दिदीबहिनीले ज्योति पाएको देख्दा आत्मसन्तुष्टि मिल्छ। आगामी दिनमा पनि यसलाई अझ प्रभावकारी ढंगले निरन्तरता दिनेछौं।'

हनुमान मन्दिर चोकमा आयोजित उक्त शिविरले आर्थिक अभावका कारण उपचारबाट वञ्चित रहेका स्थानीयहरूका लागि ठुलो राहत पुऱ्याएको हो। आयोजकले आगामी दिनमा आँखा स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने कार्यक्रमहरूलाई समेत प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएको हो।

# नवप्रवेशी शिक्षकहरूलाई मेन्टरसम्बन्धी अभिमुखीकरण



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ पुस

'शिक्षा कुनै निश्चित पाठ्यक्रम वा कक्षाकोठाभित्र सीमित विषय होइन, यो समाज रूपान्तरणको मेरुदण्ड हो' नारा आत्मसात् गर्दै शितगंगा नगरपालिकाले नवप्रवेशी शिक्षकहरूका लागि शिक्षक मेन्टरसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। शितगंगा नगरपालिकाको सभाहलमा सम्पन्न उक्त कार्यक्रमले स्थानीय तहमा शिक्षाको गुणस्तर सुधारतर्फ नयाँ दिशानिर्देश गर्ने प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए।

नगर प्रमुख छविलाल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगरपालिका उपप्रमुख गीता भाट, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, वडाध्यक्षहरू विद्यालयका प्रध्यानाध्यापक, शिक्षकहरूको उपस्थितिमा भएको कार्यक्रममा शिक्षा सहायक राजकुमार रेश्मीको सञ्चालन र शिक्षा शाखा प्रमुख विनोद पोखरेलको सहजीकरणमा सम्पन्न भएको हो।

कार्यक्रममा शिक्षकको पेशागत विकासलाई केन्द्रमा राख्दै शिक्षक मेन्टरिङ प्रणालीको अवधारणा, उद्देश्य कार्यविधिबारे विस्तृत छलफल भएको प्रशासकीय अधिकृत नुमलाल खनालले बताए। शिक्षा शाखा प्रमुख पोखेलले शिक्षक मेन्टरिङलाई केवल तालिम नभइ विद्यालयमा आधारित निरन्तर सिकाइको प्रक्रिया भएको बताए। तालिमले नवप्रवेशी शिक्षकलाई अनुभवी तथा दक्ष मेन्टरको मार्गदर्शनमा कक्षाकोठा व्यवस्थापन, पाठयोजना निर्माण, सिकाइ मूल्यांकन, विद्यार्थीमैत्री वातावरण निर्माण तथा शिक्षण-सिकाइ प्रक्रियामा दक्ष बनाउने लक्ष्य लिएको नगरप्रमुख छबिलाल पौडेलको भनाइ छ।

कार्यक्रममा शिक्षकको पेशागत विकासका शैक्षिक विधिहरू, सेवा प्रवेश तालिम, प्रमाणिकरण तालिम, कस्टमाइज्ड तालिम, पाठ अध्ययन, स्व-निर्देशित सिकाइ, कार्यमूलक अनुसन्धान, सिकाइ सञ्जाल तथा सहपाठी कक्षा अवलोकनबारे प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले प्रशिक्षण दिएका थिए।

मेन्टरिङ प्रक्रिया कम्तीमा ६ महिनासम्म सञ्चालन हुने र यस अवधिमा ३५ घण्टाभन्दा बढी प्रत्यक्ष सहयोग प्रदान गरिने सापकोटाले बताए। यसले शिक्षकमा आत्मविश्वास, व्यावसायिक दक्षता र व्यवहारिक ज्ञानको विकास गर्ने अपेक्षा गरिएको नगर उपप्रमुख भाटले बताइन्। कार्यक्रममा मेन्टर, नवप्रवेशी शिक्षक र प्रधानाध्यापकको भूमिकालाई स्पष्ट गर्दै सहकार्य, विश्वास र निरन्तरतामा आधारित शिक्षण संस्कृतिको विकासमा जोड दिइएको थियो। मेन्टरले निरीक्षकको भूमिका होइन, सहयात्रीको भूमिका निर्वाह गर्नुपर्ने, नवप्रवेशी शिक्षकले सक्रिय सहभागिता जनाउँदै सिकाइलाई व्यवहारमा उतार्नुपर्ने तथा प्रधानाध्यापकले विद्यालयभित्र अनुकूल वातावरण निर्माण गर्नुपर्ने अन्तरक्रियामा बोल्ने वक्ताले बताए।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख पौडेलले शिक्षाको गुणस्तर नै सामाजिक रूपान्तरणको आधार भएको बताए। उनले नवप्रवेशी शिक्षकहरूलाई भावी पुस्ताका निर्माणकर्ता भन्दै उनीहरूको क्षमता विकासमा लगानी गर्नु दीर्घकालीन सामाजिक लगानी भएको स्पष्ट पारेका थिए। स्थानीय सरकारले शिक्षक विकासलाई प्राथमिकतामा राख्दै योजनाबद्ध रूपमा अघि बढिरहेको उनले जिकिर गरे।

उपप्रमुख गीता भाटले यस्ता अभिमुखीकरण कार्यक्रमले शिक्षणलाई व्यवहारिक, जीवन्त र परिणाममुखी बनाउने उल्लेख गर्दै शिक्षकहरूको निरन्तर सिकाइ नै शैक्षिक सुधारको मेरुदण्ड भएको बताए।

कार्यक्रममा सहभागी प्रधानाध्यापक तथा शिक्षकहरूले यस किसिमको व्यावहारिक सिकाइले विद्यालयमा सहकार्य, आत्मविश्वास र सिकाइ संस्कृतिको विकास गर्ने प्रतिक्रिया दिएका थिए। उनीहरूको भनाइमा शिक्षक मेन्टरिङ प्रणालीले विद्यालयलाई ज्ञानको केन्द्रका रूपमा रूपान्तरण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

समग्रमा, शितगंगा नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा, ठाडा, अर्घाखाँचीद्वारा आयोजित यो कार्यक्रम स्थानीय तहमा गुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षकको पेशागत सशक्तीकरण र दीगो सिकाइ संस्कृतिको विकासतर्फ एक महत्वपूर्ण कदमका रूपमा स्थापित भएको छ। यसले शिक्षा क्षेत्रलाई केवल सेवा नभइ सामाजिक रूपान्तरणको आधारका रूपमा अघि बढाउने विश्वास दिलाएको छ।


**गण्डकी प्रदेश सरकार**
**उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय**
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
**तनहुँ, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः-२०८२/०९/२०)**

यस कार्यालयबाट मिति २०८२/०८/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा बोलपत्र आव्हान गरिएकोमा निर्धारित समय भित्र पेश भएका बोलपत्रहरू मूल्याकन गरि मिति २०८२/०९/१८ गते आशयको सूचना http://wssdotanahun.gandaki.gov.np/ (official website) मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**डिभिजन प्रमुख**



## कालिञ्चोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुनखानी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**पटक प्रकाशित मिति २०८२/०९/२०**

उपर्युक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०७/२८, २०८२/०७/३० र २०८२/०८/०३ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कालिञ्चोक गाउँपालिका अन्तर्गत बोलपत्र सम्बन्धी सूचना अनुसार दर्ता भएका वोलपत्रहरु मध्ये तपसिलका वोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | विवरण | दरभाउपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/Works/ Dolakha/01/2082/083 | Upgrading of Singati Sanskritgram sadak,Ward no. 03 | Bindhya/Siprabhu JV, Bhaktapur | 1,02,06,537.35 | |
| 2 | KRM/NCB/Works/ Dolakha/02/2082/083 | Upgrading of Bhaterchaur, Pokharechaur, chyandanda katuwachaur sadak, Ward no 09 | Blue Diamond Multipurpose Private Limited Charikot, Dolakha Bhimeshwor Municipality Dolakha Nepal | 93,72,770.29 | |
| 3 | KRM/NCB/Works/ Dolakha/03/2082/083 | Upgrading of Bagkhor Ganerumti Ghudapa Sarangkhola sadak,ward no 02 | D.P.B /Aama Astha JV,Gaurishankar -06,Dolakha | 1,00,83,320.88 | |
| 4 | KRM/NCB/Works/ Dolakha/04/2082/083 | Upgrading of pratab smriti collage narme-thalari campus chandithan Pyauswara Sanskritgram Sadak,ward no 03 and 4 | All state /Aama Astha JV,BMP -01,Dolakha | 90,12,767.01 | |
| 5 | KRM/NCB/Works/ Dolakha/05/2082/083 | Upgrading Sadhikhola Gujarpa Ward no 07 to 6 Jane Sadak | Inspiration Construction Company (Pvt. Ltd.) Kathmandu-12 Kathmandu | 27,13,582.35 | |
| 6 | KRM/NCB/Works/ Dolakha/06/2082/083 | Upgrading Kharudese Odare Sadak Nirman, Ward no 06 | PRK Nirman Sewa Kathmandu Nepal | 14,44,736.17 | |
| 7 | KRM/NCB/Works/ Dolakha/07/2082/083 | Upgrading Of Yabalkhola Woda Karyalaya Sadak Ward no 01 | Daskhat Multipurpose Nirman Company Kalinchok-02 Babare Dolakha | 34,82,548.27 | |
| 8 | KRM/NCB/Works/ Dolakha/08/2082/083 | Upgrading of dhamire niware pokhare Sadak (section 1) Gumukhola syauli sadak (section 2) alxedhunga campus sadak (section 3), ward no 07 | Inspirection Construction Company Pvt.Ltd,Kathmandu | 24,64,800.49 | |
| 9 | KRM/NCB/Works/ Dolakha/09/2082/083 | Upgrading of Balodaya Tarevir Sadak Ward No 01 | Baiteshwor Nirman Sewa ,Bhimeshwor Municipality-07,Dolakha | 14,35,591.31 | |

**प्रमुख प्रशासकीय अधिकृत**



# Dilasaini Rural Municipality
# Office of Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudurpakshim Province, Nepal**

## Invitation For Bids

**Date Of Publication:2082/9/20, AD: (04-01-2026)**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Without VAT and PS (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/NCB/ WORKS/1/2082/083 | Procurement for the construction of ward no - 6 office building . | 90 days | 11628017.61 | 350000.00 | 3000.00 |

| Further Information to bidders; | |
|---|---|
| Last date and time of Bid Submission | 03-02-2026 ,12:00 hours (dd-mm-yy) |
| Date, Time and Place of Bid Opening | 03-02-2026 ,13:00 hours (dd-mm-yy) at Dilasaini Rural Municipality Office,Baitadi |
| Account No. for Bid Document Purchase | Kumari Bank Limited ,Dilasaini , ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited ,Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

# ‘बब डाइ’को छायांकन सम्पन्न



**काठमाडौं/मस–** निर्देशक प्रवीण श्रेष्ठले १२ वर्षपछि निर्देशनमा कमब्याक गरेको चलचित्र ‘बब डाइ’को छायांकन सम्पन्न भएको छ। ४२ दिनसम्म चलेको छायांकन बिहीबार कीर्तिपुरमा अन्तिम दृश्य खिच्दै सकिएको हो।

निर्माणपक्षाका अनुसार फिल्मको छायांकन चन्द्रागिरी र कीर्तिपुर नगरपालिका भित्रका विभिन्न स्थानमा गरिएको हो। स्क्रिप्टअनुसारका सबै दृश्य खिचिसकिए पनि दुई गीतको छायांकन भने केही समयपछि गर्ने तयारी छ। रोटेपिङ इन्टरटेन्मेन्टको प्रस्तुति तथा श्रीराम बालाजी फिल्म्सको सहकार्यमा निर्माण भएको यस फिल्ममा सौगात मल्ल शीर्ष भूमिकामा देखिएका छन्। फिल्ममा उनले ‘बब डाइ’को भूमिका निभाएका छन्। नेवारी भाषामा दाइलाई ‘डाइ’ भनिने भएकाले सोही आधारमा फिल्मको नामकरण गरिएको निर्देशक श्रेष्ठले बताएका छन्।

कमेडी जनरामा निर्माण भएको ‘बब डाइ’मा सौगात मल्लसँगै सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, कुशल पोखरेल, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन, गीता अधिकारीलगायत कलाकारहरूको अभिनय रहेको छ। मनिषा गौचन र प्रवीण श्रेष्ठको कथा तथा लेखन रहेको फिल्ममा श्याम तामाङ छायाँकार (डिओपी) छन्। सम्पादन निर्देशक श्रेष्ठ स्वयंले गर्नेछन्। फिल्ममा किरण थापा र सृष्टि महर्जनको कोरियोग्राफी तथा शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको छ।

राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता रहेको यस फिल्मका कार्यकारी निर्माता रविन्द्र प्रजापति हुन्। कीर्तिपुरको एक युवाको जीवनकथामा आधारित यो फिल्मले स्थानीय मौलिकता र संस्कृतिलाई प्रस्तुत गर्ने जनाइएको छ। फिल्म ‘बब डाइ’को प्रदर्शन मिति भने हालसम्म तय गरिएको छैन।

## ‘हामी तीन भाइ’ चैत १३ मा




**काठमाडौं/मस–** फिल्म ‘हामी तीन भाइ’ रामनवमीको अवसर पारेर चैत १३ गतेदेखि देशभर प्रदर्शनमा आउने भएको छ। निर्माण पक्षले फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो। सोही मितिमा अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म ‘चमेलीको पोइ’ पनि रिलिज हुने तयारीमा छ।

सार्वजनिक पोस्टरमा मुख्य कलाकार विनोद न्यौपाने, फलित राई र कुशल विष्टलाई एक-अर्कालाई अँगालो हाल्दै खुसी मुद्रामा देखाइएको छ। पोस्टरले उनीहरूबीचको भाइचारा र मित्रताको कथा संकेत गर्छ। साथै पोस्टरमा देखिएको कुखुराको भालेले फिल्म ग्रामीण परिवेशमा आधारित रहेको बुझाउँछ।

मधुसूदन भट्टराईको कथा तथा निर्देशनमा तयार भएको फिल्ममा मुख्य कलाकारसँगै लक्ष्मी बर्देवा, आश्मा गिरी, जाह्नवी बस्नेत, राजाराम पौडेल, रविन्द्र झा, विष्णु सापकोटा, विकास चापागाईं, शुष्मा निरौला, यादव देवकोटा, अञ्जु हमाल र तारा शर्मा लगायतको अभिनय रहेको छ।

**श्री लामा हाउजिङ्ग एण्ड बिल्डर्स प्रा.लि. ले बागमती प्रदेश, कागेश्वरी मनोहरा नगर पालिका वडा नं. ४, डाँछी संचालन गर्ने कागेश्वरी मनोहरा जग्गा विकास आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

**प्रकाशित मिति : २०८२/०९/२०**

| | |
|---|---|
| प्रस्तावकको नाम, ठेगाना | लामा हाउजिङ्ग एण्ड बिल्डर्स प्रा.लि., काठमाडौं महानगरपालिका वार्ड नं. ६, बौद्ध |
| प्रस्तावको व्यहोरा | स्थानः बागमती प्रदेश, काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४, डाँछी साविक काठमाण्डौं जिल्ला, थली डाँछी – ३/ख अन्तर्गतका १४२ वटा कित्ता<br>क्षेत्रफलः लालपुर्जा अनुसार - ५७,४४६.९५ वर्गमिटर र स्थलगत ५२,१९४.८८ वर्गमिटर<br>जग्गा विकास भित्रको मूल सडक - ८.० मिटर र सहायक सडक- ६.० मिटर<br>बिक्री गरिने पार्सल संख्या - २९२ वटा (४०,५४९.३९ वर्गमिटर)<br>सडकले ओग्टने क्षेत्रफल - ९०३५.४५ वर्गमिटर; खुल्ला क्षेत्र - २६१०.०३ वर्गमिटर |
| प्रभाव पर्न सक्ने स्थानिय तह र वार्ड | कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५, वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ र कागेश्वरी मनोहरा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७९ को दफा ५ बमोजिम यस प्रस्तावको कार्यन्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझावहरु दिनु हुन अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**
स्थान : कागेश्वरी मनोहरा नगरपालिका वार्ड ४, डाँछी स्थित ब्लु स्टार पिकक रेष्टुरेण्ट
मिति : २०८२/०९/२५ गते, बिहानको ९:३० बजे

(नेपाल सरकारबाट स्विकृत प्राप्त)
**शुभश्री को-अपरेटिभ लि.**
न्यू प्लाजा, पुतलीसडक, काठमाडौं

**दोस्रो पटकको साधारण सभा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०९/२०**

यस सहकारी संस्था लि. को संचालक समितिको मिति २०८२ मंसिर २५ गते विहिबारका दिन बसेको १११ औं बैठकको निर्णयानुसार मिति २०८२ पौष १९ गते शनिवारका दिन २७ औं साधारण सभा संचालन गर्न मिति **२०८२ मंसिर २६ गते शुक्रबारका** दिन मध्यान्ह राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी साधारण सभा सम्बन्धि कार्यक्रम तय भएकोमा उक्त दिन सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ४० उपदफा ४ बमोजिम साधारण सभा सम्पन्न गर्नको लागि उपस्थित हुनु भएका शेयर सदस्यहरुको आवश्यक गणपुरक संख्या नपुगेकोले सो सभा स्थगित भएकोमा साधारण सभा सम्पन्न गर्नको लागि सहकारी ऐन २०७४ को दफा २९ को उपदफा ४ बमोजिम दोस्रो पटक साधारण सभा निम्नानुसार मिति, स्थान र समयमा संचालन गरिने हुंदा सबै शेयर सदस्य महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं। अन्य व्यहोराहरु पूर्व प्रकाशित **(२०८२ मंसिर २६) सूचना बमोजिम हुने व्यहोरा समेत अनुरोध गर्दछौं।**

**स्थान : शुभश्री कम्प्लेक्स, न्यूप्लाजा, पुतली सडक, काठमाडौं**
**मिति : २०८२ साल पौष २६ गते शनिबार**
**समय : बिहान ११:00 बजे।**

**यूएईमा रोजगार** कम्पनी: QASWA AL MADINA TECHNICAL SERVICES CO LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०९/१८ चलानी नं.: ६०२५००९५ LT. No.: 336584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1500 | ५८,६६५ | | | | | | | |
| 3. | Electrician. | 2 | 0 | | 1500 | ५८,६६५ | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1500 | ५८,६६५ | | | | | | | |
| 5. | Stone Mason | 2 | 0 | | 1500 | ५८,६६५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २७ गते (11 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

luna Govt. Lic. No. 799/065/066
**Luna HR Solutions Pvt. Ltd.**
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

**साउदीमा रोजगार** कम्पनी: ERECTORS OF STEELWORK COMPANY शहर: SAUDI ARABIA, RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/१६ चलानी नं.: ६०२५००८६ L.T. No.:336300

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २७ गते (11 January 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AL RYAN ENTERPRISES PVT. LTD.** श्रम इजाजत नं. ४१६/०६०/०६१
सिनामंगल, तिलगंगा रोड नं ०३, काठमाडौं, नेपाल, फोन:०१-४४१२१७१
मो: ९८५१०६०१८५, Email: alryanktm@gmail.com

# ‘कमेडी दरबार’ले एक महिने अस्ट्रेलिया टुर गर्ने

**काठमाडौं/मस–** टिभी सो ‘कमेडी दरबार’ले फेब्रुअरी महिनामा एक महिना लामो अस्ट्रेलिया टुर गर्ने भएको छ। सोको कमेडी टुर आयोजना गर्न फिल्म निर्देशक शोभित बस्नेत र शो निर्माता विक्की अग्रवालबीच औपचारिक सम्झौता भएको छ। सम्झौतापछि प्रतिक्रिया दिँदै बस्नेतले अस्ट्रेलियामा रहेका नेपाली दर्शकलाई लक्षित गर्दै कार्यक्रम आयोजना गर्न लागिएको जानकारी दिए। उनका अनुसार टुरको तयारीसमेत सुरु भइसकेको छ।टुरमा ‘कमेडी दरबार’का अधिकांश कलाकार सहभागी हुने जनाइएको छ। सम्झौता सम्पन्न हुँदाको तस्बिरमा सोमा निर्णायकको भूमिकामा देखिएकी अभिनेत्री गौरी मल्ल पनि देखिएकी छन्, जसले उनी समेत कार्यक्रममा संलग्न हुने संकेत गरेको छ।

**मकवानपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मक्राञ्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८२/०९/२०)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तपशिल बमोजिमका निर्माण कार्यहरूका लागि बोलपत्र आह्वान गरि एकाले ईच्छुक बोलपत्रदाताहरूले यो सूचना प्रकाशित मितिले ३० (तिस) दिनभित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (https://www.bolpatra.gov.np/egp/)मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.नं. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ. कर, कन्टेन्जेन्सी तथा पि.एस समेत) | बोलपत्र जमानत (NRs.) | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| 1. | 10/MGRM/NCB/WORKS/2082-83 Bar Bhanjhyang Dekhi Ghising Tole Jane Sadak, Makawanpurgadhi-2 | NRs. 24,99,590.75 | 65,000/- | NRs. 3,000.00 |
| 2. | 11/MGRM/NCB/WORKS/2082-83 Construction of Sarada School Building Makawanpurgadhi-5 | NRs. 1,94,68,371.10 | 4,90,000.00 | NRs. 3,000.00 |
| 3. | 12/MGRM/NCB/WORKS/2082-83 Thekichowk Bata Dhading Bazaar Dui Oda Jodne Bato Purbadhar Bikash Yebam Rigid Pavement, Makawanpurgadhi- 4 | NRs. 39,97,890.07 | 1,00,000.00 | NRs. 3,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पाङ्ग्रेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०९/२०**

सुनकोशी गाउँपालिकाको कार्यालय, पाङ्ग्रेटार, सिन्धुपाल्चोकबाट मिति २०८२/०८/०७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचनाअनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमका बोलपत्रहरु स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT, PS र कन्टिनजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | SRM/Works/WS/NCB/082/83-07 | KuduleKhola MajhiGaun Ek Ghar Ek Dhara Water Supply Project | श्री च्छो रोल्पा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. मध्यपुर ठिमी-०२, भक्तपुर | रु. ५२,७९,७५१.३८ |

**भजनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०८२/०९/२०**

यस भजनी नगरपालिकाको कार्यालयको मिति २०८२/०७/२८ गते प्रकाशित बोलपत्र आह्वान सूचनाका आधारमा निम्न कार्यका लागि पेश भएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिको लागि छनोट तथा सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

तपशिलः

| क.स. | ठेक्का नं | आयोजनाको नाम | छनोटभएको बोलपत्रदाताको नाम र ठेगाना | कबुल रकम रु (मु.आ.कर पी.स सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 01 | NCB/BM/ROADS PKG/04/2082/083 | Construction of various pre mix carpet roads in ward no 06 and 08 of Bhajani municipality | R.B Nirman Sewa, Ghodaghodi-04, Kailali | 43,94,558.7/- | |


प्रमुख प्रशासकीय अधिकृत

## क्यानको वार्षिक क्यालेन्डर सार्वजनिक

# कम्तीमा तीन टेस्ट राष्ट्रसँग शृंखलाको लक्ष्य, एनपिएल अक्टोबरमा



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता समेटिएको वार्षिक खेल तालिका सार्वजनिक गरेको छ।




क्यानद्वारा शनिबार आयोजित पत्रकार सम्मेलनमा क्यानका सचिव पारस खड्काले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता समेटिएको वार्षिक क्यालेन्डर सार्वजनिक गरेका हुन्।

क्यालेन्डरको राष्ट्रिय प्रतियोगितामा जनवरीमा पुरुष प्रधानमन्त्री कपबाट हुनेछ। जसअन्तर्गत जनवरी ५ देखि २५ तारिखसम्म जिल्ला चरण र जनवरी २५ देखि फेब्रुअरी १० सम्म प्रदेश चरणका खेलहरू आयोजना गरिनेछन्।

त्यस्तै, फेब्रुअरीमा पुरुष प्रधानमन्त्री कप प्रदेश चरण निरन्तरता पाउनेछ भने फेब्रुअरी १२ देखि २२ सम्म जय ट्रफी आयोजना हुनेछ। यही महिनामा राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको जिल्ला चरण पनि सञ्चालन हुनेछ।

त्यस्तै मार्चमा पुरुष प्रधानमन्त्री कपको राष्ट्रिय चरण मार्च २८ देखि अप्रिल २२ सम्म सञ्चालन हुनेछ। यसै अवधिमा राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको प्रदेश चरण तथा महिला प्रधानमन्त्री कपको जिल्ला चरण आयोजना गरिने क्यालेन्डरमा उल्लेख छ।

अप्रिलमा महिला प्रधानमन्त्री कपको प्रदेश चरण, पुरुष यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताको जिल्ला तथा प्रदेश चरण र अन्य क्यान कार्यक्रम सञ्चालन हुनेछन्।

मेमा महिला प्रधानमन्त्री कपको राष्ट्रिय चरण मे २ देखि २० सम्म आयोजना हुनेछ। यसैमहिना राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको राष्ट्रिय चरण तथा यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता र क्यान युथ क्याम्प आयोजना हुनेछन्। जुनमा सातै प्रदेशमा क्यान लेभल १ कोचिङ कोर्स सञ्चालन गरिनेछ भने जुन १५ देखि २५ सम्म राष्ट्रिय टी-२० च्याम्पियनसिप आयोजना गरिनेछ।

जुलाईमा क्यान लेभल २ कोचिङ कोर्स तथा पिच क्युरेटर कोर्स सञ्चालन हुनेछन्। अगस्ट महिनामा क्यान लेभल १ अम्पायरिङ कोर्स आयोजना गरिनेछ। सेप्टेम्बरदेखि अक्टोबरसम्म महिला लङ्गर फर्म्याट प्रतियोगिता आयोजना गर्ने प्रस्ताव गरिएको छ।

अक्टोबरदेखि नोभेम्बरसम्म नेपाल प्रिमियर लिग (एनपिएल) आयोजना हुने क्यालेन्डरमा समावेश गरिएको छ। अक्टोबरमै यु-१६ बोइज/गर्ल्सको राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिप, अन्तरविद्यालय तथा कलेजस्तरीय लङ्गर फर्म्याट प्रतियोगिता र क्षेत्रीय टुर्नामेन्टहरू आयोजना हुनेछन्। डिसेम्बर महिनामा पनि क्षेत्रीय टुर्नामेन्टहरू सञ्चालन हुनेछन्।




त्यसैगरी, अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा जनवरीमा आइसिसी महिला टी-२० विश्वकपको ग्लोबल छनोट नेपालमै आयोजना हुँदैछ। फेब्रुअरीमा नेपाली पुरुष टोलीले टी-२० विश्वकप खेल्दैछ।

मार्चमा पुरुष टिमले आइसिसी लिग २ को शृंखला खेल्नेछ। महिला टोलीले पनि बाइल्याटरल सिरिज खेल्ने क्यानले जनाएको छ। यु-१९ टिमले भुटानको भ्रमण गर्ने पनि उल्लेख छ।

अप्रिलमा नेपाल 'ए'को शृंखला हुनेछ भने महिलाको पनि शृंखला हुनेछ। यु-१९ महिलाको पनि शृंखला समावेश छ। जुलाइमा पुरुष टोलीको लिग २ शृंखला हुनेछ। महिला एसिया कप पनि हुनेछ। यु-१६ इस्ट जोन कप पनि यसै महिना हुनेछ।

अगस्टमा पुरुषको एसीसी प्रिमियर कप हुनेछ भने कुवेतसँग टी-२०आई शृंखला पनि हुनेछ। टप एन्डमा यस वर्ष पनि सहभागिता जनाउने उल्लेख छ। सेप्टेम्बरमा पुरुष टोलीको बाइल्याटरल सिरिज हुनेछ भने महिलाको पनि युएईसँग शृंखला हुनेछ।

अक्टोबरमा पुरुष टिमको लिग २ शृंखला हुनेछ भने महिला टिमको पनि त्रिदेशीय शृंखला हुने उल्लेख छ। नोभेम्बरमा नेपाल प्रिमियर लिग क्रिकेट हुनेछ भने डिसेम्बरमा महिला र पुरुष दुवैको अन्तर्राष्ट्रिय शृंखला हुने क्यानले जनाएको छ।

क्यानका सचिव खड्काले टेस्ट राष्ट्रसँग नेपालमै खेल खेलाइने लक्ष्य रहेको जानकारी दिए। मार्च महिनामा घरेलु मैदानमै लिग २ शृंखला खेल्दैछ। उक्त शृंखलाभन्दा अगाडि वा पछाडि टेस्ट राष्ट्रसँग ५० ओभरको द्विपक्षीय शृंखला राख्ने लक्ष्य रहेको उनले बताए।

मे महिनामा नेपालले बाहिर गएर लिग २ शृंखला खेल्ने छ। उक्त शृंखला सकिएपछि ३ टोलीबाहेक अर्को एक टेस्ट राष्ट्रसँग पनि टी-२०आई शृंखला खेल्नका लागि पहल भइरहेको उनले बताए। जुनमा टेस्ट टिमसँग द्विपक्षीय शृंखला गर्ने लक्ष्य राखेको पनि सचिव खड्काले जानकारी दिएका छन्।

## एनभिए भलिबल

# महिलातर्फ न्यु डायमन्ड र पुरुषतर्फ हेल्प नेपाल च्याम्पियन

**काठमाडौं/मस–** नवौं एनभीए भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ हेल्प नेपाल स्पोर्ट्स क्लब र महिलातर्फ न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले उपाधि जितेका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार सम्पन्न पुरुषतर्फको फाइनलमा हेल्प नेपाल विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै च्याम्पियन बन्न सफल भयो। हेल्प नेपालले तीनवटै सेट २५-२१ को समान स्कोरमा आफ्नो पक्षमा पार्‍यो।

आक्रामक स्पाइक, सशक्त ब्लक र उत्कृष्ट समन्वयसहितको खेल प्रदर्शन गर्दै हेल्प नेपालले फाइनललाई एकतर्फी बनायो। प्रतियोगिताभर दबदबा कायम राखेको हेल्प नेपालले खेलेका



पाँचवटै खेल जित्दै एक पनि सेट नगुमाई उपाधि हात पार्‍यो।

हेल्प नेपाल र त्रिभुवन आर्मी क्लबले लगातार चौथोपटक एनभीए च्याम्पियनसिपको फाइनलमा प्रतिस्पर्धा गरेका हुन्। यसअघि छैटौं संस्करण (२०७८) मा आर्मी च्याम्पियन बनेको थियो भने त्यसपछि हेल्प नेपालले २०७९, २०८० र यसपटक गरी लगातार तेस्रो पटक उपाधि जितेको हो।

उता, महिलातर्फको फाइनलमा न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले नेपाल पुलिस क्लबलाई सोझो सेटमा हराउँदै च्याम्पियन बन्यो। दर्शकले भरिएको कभर्डहलमा भएको फाइनलमा न्यु डायमन्डले पहिलो सेट २५-१८, दोस्रो सेट २५-१९ र तेस्रो सेट २५-१८ ले जित्दै उपाधि सुनिश्चित गर्‍यो।

खेलको सुरुदेखि नै नियन्त्रणमा राखेको न्यु डायमन्डले उत्कृष्ट टिमवर्क, प्रभावकारी आक्रमण र बलियो ब्लकिङमार्फत पुलिसलाई पुनरागमनको अवसर दिएन। प्रतियोगितामा अपराजित रहँदै फाइनलसम्म पुगेको पुलिस निर्णायक खेलमा भने उपविजेतामा सीमित रहनुपर्‍यो।

यस जितसँगै न्यु डायमन्डले महिलातर्फ आफ्नो वर्चस्व कायम राख्दै नवौं एनभीए भलिबल च्याम्पियनसिपको उपाधि हात पारेको छ।

## Ratuwamai Municipality
## Office Of Municipal Executive
**Sijuwa,Morang**
**Koshi Province, Nepal**

### Invitation for Procurement of Works

**First Date of Publication : 2082/09/20**

1. Ratuwamai Municipality Office invites electronic bids from Nepalese eligible bidders for the construction works mentioned below :-

| S. N | Contract Name/Contract ID | Estimated amount NRs (Without VAT and contingencies) | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|---|
| 1. | Construction of Namuna Santhal Basti at Ratuwamai-08, Bhulkadubba (Rmun/NCB/Works/14/2082/83) | Nrs. 75,21,045.44/- | 3,000/- | 1,90,000/- | Submission Deadline 2082/10/20 12:00 Noon<br>Opening Date 2082/10/20 13:00 Noon |
| 2. | Construction of Itahara Futsal Court (Rmun/NCB/Works/15/2082/83) | Nrs.42,68,073.93/- | 3,000/- | 1,10,000/- | |
| 3. | GP marga Chatpate chowk dekhi Falame Pul samma sadak starunnati, Ratuwamai-05 (Rmun/NCB/Works/16/2082/83) | Nrs.27,11,335.91/- | 3,000/- | 70,000/- | |
| 4. | Procurement of Fabricated Steel Parts for Trail Bridges (Rmun/SQ/GOODS/TB/01/2082/83) | /- | 1,000/- | 38,000/- | Submission Deadline 2082/10/06 12:00 Noon<br>Opening Date 2082/10/06 13:00 Noon |
| 5. | Hulaki Baato Dekhi Dakshin Jamar Laal Singh ko Khet Hudai Mahadeva Jodne Sadak Maa RCC Culverts (Rmun/SQ/Works/06/2082/83) | Nrs.10,92,731.18 /- | 1,000/- | 30,000/- | |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp .
3. A complete set of bidding documents may be downloaded for e-submission from PPMO website and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata : Rajashwa Shirshak(revenue No.): 14229**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 Ratuwamai Na.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Belauri Municipality
## Office of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/R/082/083-06**
**Date of publication: 4th January 2026 10:00**

1. ***Belauri Municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the ***Construction of Blacktop and Upgrading of road from Shiva temple to East Pipal Chautara*** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. ***Rs. 66,26,999/-. (Exclusive of VAT & Provsional Sum)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com***,099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ***(Rs..3,000)*** of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   *Name of the Bank*: Rastriya Banijya Bank — *Name of Office*: Belauri Municipality
   *Office Code no.*: 801077604 — *Office Account no.*: 4390100301010002
   *Rajaswa (revenue) Shishak no.*: BELAURI NA.PA. (GA-1-1)
4. Pre-bid meeting shall be held at ***Belauri Municipality Office*** at ***22nd of January 2026 10:00.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. ***before 3rd February 2026 13:00.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***3rd February 2026 14:00*** hours at the office of Belauri Municipality. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***2,00,000/-***, which shall be valid for ***30 days*** beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# ‘थकाली खानामा पर्यटकको क्रेज छ’

▶▶ प्रेमराज तामाङ, सञ्चालक, नाङ्लो थकाली

काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य हो ठमेल । साथै, ठमेल २०८१ साल वैशाख १ गतेदेखि २४सै घण्टा खुल्ला हुने स्थान हो । स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल अधिक हुने क्षेत्र भएको हुनाले समेत पर्यटन क्षेत्रमा ठमेलले नेपालकै प्रतिनिधित्व गरेको हुन्छ । नेपाल घुम्न आउने अधिकांश विदेशी पर्यटक ठमेल एक पटक पुग्ने गरेको पाइन्छ । रातभर जाग्राम हुने ठमेलमा अहिले नाङ्लो थकाली तथा सेकुवा कर्नरमा २४सै घण्टा भिड देखिन्छ । ठमेल घुम्ने आउने पर्यटकलाई नेपालको स्वादसँगै पस्किरहेको छ नाङ्गो थकाली तथा सेकुवा कर्नर । यसै सन्दर्भमा २० वर्ष बैदेशिक रोजगारी गरेर फर्केका सञ्चालक **प्रेमराज तामाङ**सँग मध्यान्हका **छवि सापकोटा**ले गरेको कुराकानी ।



**ठमेलमा नाङ्लो थकाली तथा सेकुवा कर्नर कसरी सुरु गर्नुभयो ?**

म मध्यम वर्गको व्यक्ति हुँ । १९ वर्ष वैदेशिक रोजगारको लागि विदेशमा काम गरेर अब नेपालमै केही गर्नुपर्छ भनेर स्वदेश फर्किंए । विदेशमा लामो समय काम गरे पनि धेरै पैसा थिएन । थोरै पैसा भएपनि अब स्वदेशमै केही सानो लगानी गरेर व्यवसाय गर्छु भनेर सुरुमा ठमेलमै सानो लामा फास्ट फुड व्यवसाय सुरु गरेको थिएँ ।

पाँच वर्ष फास्टफुड व्यवसाय गरेपनि सोचे जस्तो भएको थिएन । गुजारा मात्र चलाउने काम भयो थियो । फेरि विदेश जाने सोचमा थिए । भिषा समेत आएको थियो । तर, अब विदेश जाने होइन जे गर्छु नेपालमै गर्छु भनेर रोकिएँ । विदेश जाने पैसा लगानी गरेर नाङ्लो थकाली तथा सेकुवा कर्नर सुरु गरेको हो ।

**ठमेलमा नै किन थकाली रेष्टुरेन्ट सञ्चालन गर्नुभयो ?**

सुरुमा सानो भएपछि ठमेलमै व्यवसाय गरेँ । त्यसमाथि पछिल्लो समय ठमेलमा रात्रीकालीन व्यवसासयको समेत चहल पहल बढ्दै गएको छ । २४सै घण्टा ठमेल खुल्ला हुँदा यहाँ घुम्ने पर्यटकलाई नेपाली स्वाद र पहिचान चिनाउन समेत सकिने भएकाले थकाली र सेकुवा आइटम सहितको रेष्टुरेन्ट खोलिएको हो ।

रातको समयमा घुम्ने पर्यटकले खाना नपाउने, पाए पनि ठमेलमा महँगो पर्ने भएकोले घुम्न आउनका लागि सहज थिएन । त्यसैले अब नेपालमै केही गर्छु भनेर विदेश छोडेर बसेकाले ठमेलमै सबैभन्दा सस्तो थकाली खाना, सेकुवा तथा अन्य गाउँले नेपाली परिकार बनाइरहेका छौं । ठमलेमा सस्तो, मिठो सफा खाना खुवाउन सकिन्छ भनेर थकाली रेष्टुरेन्ट खोलेको हो । थोरै मूल्यमा धेरै नै सेवा दिएर समेत व्यवसाय गर्न सकिन्छ । टुरिजम एरियामा घुम्न आउने कस्टमरलाई आकर्षण गर्नका लागि समेत थकाली खानासहितको व्यवसाय सुरु गरेको हो ।

**ठमेलमा विदेशी पर्यटक बढी घुम्न आउने गरेका छन् । उनीहरूले नेपाली खाना मन पराउँछन् ?**

ठमेलमा विश्वभरीका पर्यटक आउने गरेका छन् । धेरै पर्यटकले नेपाली स्वाद ठमेलमै खोजिरहेका हुन्छन् । त्यसमाथि नेपाली खाना अरु भन्दा सस्तो हुने हुँदा समेत केही पर्यटकको लागि यो राम्रो विकल्प समेत हुने गरेको छ । नाङ्लो थकाली तथा सेकुवा कर्नरमा नेपाली पहिचान झल्किने तस्बिर, नेपाली उत्पादन ठेकी, हलो, गाग्री जस्ता नेपालीपन बोकेका वस्तुहरूको पनि सजावाट गरिएको छ ।

कर्नरमा नेपालका परम्परालाई झल्को दिने स्थान भएकाले स्वदेशी पर्यटकले समेत नौलो मान्ने गरेका छन् । ठमेलमा २४सै घण्टा खानाको सेवा गर्नका लागि थकाली खाना सञ्चालन गरिएको हो ।

थकाली खानामा पर्यटकको क्रेज समेत छ । अहिले नेपाल आउने पर्यटकहरूले भिडियो बनाएर नेपाली खानाको प्रचार गरेका छन् । मेरोमा आउने अधिकांश पर्यटक नेपाली खानाबाट धेरै नै सन्तुष्ट भएको उनीहरूको सुझाव पाएको छु । राम्रो फिडब्याकले मलाई पनि धेरै नै खुसी लागेको छ । नेपालीको आतिथ्यता पारिवारिक हुने भएकाले पनि विदेशीहरू धेरै नै खुशी हुने गरेका छन् ।

**ठमेलमा व्यवसाय गर्न कति सहज छ ?**

अहिले धेरै नै सहज छ । ठमेल २४सै घण्टा खुल्ला हुन्छ । पछिल्लो समय धेरै पर्यटन व्यवसायीको राम्रो हुँदै गएको छ । मेरो पनि व्यापार सोचेको भन्दा राम्रो छ । अब विदेश जान पर्दैन होला जस्तो लागेको छ । मैले जति दुःख गरेको छु त्यसबाट अहिले सन्तुष्ट छु ।

हामीले बिहानको ब्रेकफास्ट, फास्ट फुड लन्चदेखि बेलुकासम्म डिनरसम्मको सेवा दिइरहेका छौं । ३० जना भन्दा धेरैलाई रोजगारी दिएका छौं । कामका खटिन सक्ने हो भने ठमेलमा जुन व्यवसाय गरेपनि राम्रो लाभ लिन सक्ने अवस्था छ ।

**अन्त्यमा, तपाईं विदेशबाट फर्केर स्वदेशकै व्यवसायमा लाग्नु भएको छ । विदेशबाट फर्केर व्यवसाय गर्न चाहनेलाई तपाईं के सुझाव दिनु हुन्छ ?**

म आँफै पनि लामो समय विदेशमा काम गरेर फर्केको हुँ । नेपालमा सम्भावना धेरै छ तर हामीले अझै पनि चिन्न सकेका छैनौं । हामी अहिले विदेश जाने भनेर लाखौं खर्च गर्न तयार हुन्छौं तर लगानी गर्न चाहिरहेका हुँदैनौं । तर विदेशमा जस्तो खटेर नेपालमा आफूले जानेको काम गर्ने हो भने यहाँ पैसा कमाउन धेरै नै सहज छ ।

नेपालमा काम गर्दा आफूलाई धेरै नै सन्तुष्टी हुन्छ । आफूले मेहेनत गर्दा मेहेनतको फल त राम्रै हुने रहेछ भन्ने अहिले मलाई पनि लागिरहेको छ । मन लागेर भित्र आत्माबाट नै अब म यो नै गर्छु भनेर व्यवसाय गरे छिट्टै नै राम्रो प्रगति नेपालमै हुन्छ ।

नेपालमा व्यवसाय गर्‍यो भने आफ्नो घरको परिवारसँगै साथमा हुन्छन् । व्यवसायमा रेस्पेक्ट छ । अरुको ठाउँ-ठाउँमा गएर दुःख गरेर पसिना बगाउनु भन्दा थेरै लगानी गरेर आफ्नो देशमा केही गर्न सकिन्छ ।


## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**तकसेरा, रुकुम (पूर्वी भाग)**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मितिः २०८२/०९/२०**

यस कार्यालयबाट मिति २०८२/०७/०२ गतेको राष्ट्रिय दैनिक पत्रिका र PPMO e–GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भई प्राविधिक रूपमा सफल भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर र ए.क सहित) |
|---|---|---|---|---|
| 1 | EGP/PURMO/ NCB/WORKS/ BRID/2082/83-08 | Construction of Bridge (30m Span, 4.2m Width) over Sanobheri Khola connecting Hukam and Maikot, Construction and (30m Span, 4.2m Width) over Uttargnaga Khola connecting Shera and Taka, Construction of Bridge (30m Span, 4.2m Width) over Sanobheri Khola connecting Dimuragiarah and Halbang (Steel and Galvanized Iron) | १.श्री Jalap Nepal (P) Ltd, Bharatpur-8, Gauriganj, Chitwan, Nepal. 44200 | रकम रु (Vat र P.S सहित) रू. ३९,२०१,१७१.४ (तीन करोड बयान्नब्बे लाख एक हजार एक सय एकहत्तर रूपैया र चार पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**


# ‘मुक्तिनाथ एग्री फाइनान्स ३६०’ सम्पन्न




काठमाडौं/मस- मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ एग्री फाइनान्स ३६०’ कार्यक्रम सम्पन्न गरेको छ । बैंकले आफ्नो २० औं वर्ष प्रवेशको अवसरमा कृषि क्षेत्रमा लगानी विस्तार, उत्पादकत्व वृद्धि तथा किसानको दिगोपनामा योगदान पुर्‍याउने उद्देश्यसहित सो कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रमका प्रमुख अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय डा. मदन परियारले कृषि क्षेत्रको समग्र विकासका लागि सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था र किसानबीच उत्प्रेरणात्मक वातावरण निर्माण आवश्यक रहेको बताए । उनले कृषि लगानी विस्तार र कर्जा गुणस्तर सुदृढ गर्न क्रेडिट ग्यारेन्टी, वित्तीय साक्षरता, कृषि बिमा, मूल्य शृंखलामा समन्वय तथा सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । साथै, उनले महिलामैत्री कृषि, प्रविधिसँग जोडिएको युवा लक्षित स्वरोजगार, साना किसानको वित्तीय पहुँच विस्तार र स्तरोन्नतिका लागि सबै सरोकारवालाले सक्रिय भूमिका खेल्नुपर्ने उल्लेख गरे । कार्यक्रमका विशेष अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले कृषि क्षेत्रको पूर्ण मूल्य शृंखला विकासमा राज्य, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाको सहकार्य अपरिहार्य रहेको बताए । उनले बैंक तथा वित्तीय संस्थाहरूले कृषि सम्बन्धी सहायक कम्पनी स्थापना गरी मूल्य शृंखला सुदृढ गर्न सक्ने सुझाव दिँदै यसमा नेपाल राष्ट्र बैंकको समन्वय आवश्यक रहेको धारणा राखेका थिए । कार्यक्रममा की-नोट वक्ताका रूपमा बैंकिङ विशेषज्ञ अजय श्रेष्ठले ‘नेपालमा कृषि उद्यम लगानीका चुनौती र अवसर’ विषयमा प्रस्तुति दिएका थिए । उनले कृषि ऋणमा उच्च जोखिम, कमजोर कर्जा गुणस्तर, न्यून उत्पादकत्व र संरचनागत कमजोरीलाई प्रमुख चुनौतीका रूपमा औंल्याए ।

त्यसैगरी कार्यक्रममा ‘नेपालमा कृषि उद्यम कसरी फस्टाउन सक्छ ?’ विषयमा प्यानल छलफल आयोजना गरिएको थियो । छलफलको संयोजन बैंकिङ विशेषज्ञ भुवन दाहालले गरेका थिए भने प्यानलमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघ कृषि उद्यम केन्द्रका अध्यक्ष डिबी बस्नेत तथा कृषक उद्यमी बिमला आचार्य दहाल सहभागी भएका थिए ।


## Shey-Phoksundo Rural Municipality
## Office of Rural Municipal Executive

**Saldang, Dolpa**

**Karnali Province, Nepal**

**Invitation For Electronics Bids**

**Date of Publication: 04 January 2026 AD (2082-09-20 BS)**

1. Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shey Phoksundo Rural Municipality, Office of the Rural Municipal Exacutive, Saldang, Dolpa or Visit e-GP portal of PPMO, Website: www.bolpatra.gov.np/egp

| S. N | Contract ID | Description of Works | Estimated Amount (NRs.) | Price of BID Document (NRs.) | BID Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Deadline and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOP/ WORKS/ 2082-083-12 | Constructions of Ward Offices (Ward No. 2 & 7) | १७,३६९,९४४.७७ (Inclusive of VAT and Contingencies) | ३,००० | ४,५०,००० | 03-02-2026 AD (2082-10-20 BS). 10:00 AM | 03-02-2026 AD (2082-10-20 BS). 11:00 PM |
| 2 | SPRM/NCB/DOP/ WORKS/ 2082-083-13 | Lakxit Bargakaa Pasupalak Kaa laagi Chauri firm Nirman Ward No. 9 | २,५८२,८६६.४७ (Inclusive of VAT and Contingencies) | ३,००० | ७०,००० | | |

3. Office Account Detail:

| | |
|---|---|
| **Name of the Bank :** Prabhu Bank Ltd. Shephoksundo Branch, Dolpa. | **Office Code No :** 53-366-12 |
| **For Prize of Bid Document** | Account No :- 1650133537700071 (GA-1-1 ANTARIK RAJASHWO KHATA) |
| **For Bid Security :** | Account No :- 1650133537700041 (GA-3-1 STHANIYA TAHA DHARAUTI KHATA) |

4. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bid Validity Period: 90 days from Bid Submission due date & Bid Security Validity Period: Minimum 30 days beyond Bid Validity Period.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 (With latest amendment) Public Procurement Regulations, 2064 (With latest amendment) and other prevailing Rules and Regulations of Nepal.

**Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**